www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine पाक्षिक




वर्ष १, अंक ११, २०७३ चैत १६ रु.१५।-

# कलाकारको जिन्दगी



तस्वीरः नवीनबाबु गुरुङ

कलाकारको जिन्दगी बाहिरबाट देख्दा सौखिन हो भने भित्र आफ्नै पीडामा डुबुल्की मारेको हुन्छ। बाहिर जति वाही वाही भए पनि उनीहरूको भित्री जिन्दगी कसैलाई थाहा हुँदैन। अभावैअभावमा पिल्सिएको जिन्दगीभित्र कलाकार एउटा सामाजिक रूपमा चर्चित बनिरहेको हुन्छ। समाजको ऐनाका रूपमा कलाकारलाई लिइन्छ तर ऐना फुट्यो भने कस्तो हुन्छ भन्ने कुरा सबैले अनुमान गरेकै कुरा हो। समाजको सकारात्मक बाटोमा कलाकार हिंड्नुपर्छ भन्ने सोच सबैमा हुन्छ। एउटा सेलीब्रेटी बनिसक्दा पनि कलाकारको आफ्नो पारिवारिक जिन्दगी भने तहसनहस भइरहेको हुन्छ। पारिवारिक पीडाभित्र आँसु लुकाउँदै स्टेजमा हाँस्नुपर्ने बाध्यतामा हुन्छ कलाकार। कहिले तल त कहिले माथि अनि कहिले चर्चा त कहिले फ्लपको श्रेणीमा कलाकार दौडिरहेको हुन्छ।

विस्तृत पृष्ठ ५ मा












www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक


## रिलिज कर्नर

### वीरबलको माया लेकाली




लोकदोहोरी गायक वीरबल ढकालको पछिल्लो गीतिसंग्रह माया लेकाली सार्वजनिक भएको छ । जन्मिएको ठाउँ गोर्खा जिल्लाको मान्बु वरिपरिको मनोरम दृश्यले सधैंभरि गायक ढकालको मनमा जरो गाडेको छ । आफ्नै गाउँ र ठाउँको मौलिकतासँगै गायक ढकालले गीतलाई प्रस्तुत गरेका छन् । गोर्खा मान्बुको लेकाली ठिटो र शहरबाट गाउँतिर गएकी एउटी सुन्दरीमित्रको कथामा मायाप्रेम बुनेका छन् बीरबलले । मौलिकता पस्कने क्रममा ढकालले लयलाई पनि गाउँ परिवेश अनुसार मिलाएका छन् । त्यस्तै शब्दलेखनमा पनि भर्खरै लोकदोहोरी रनिङ शिल्ड चुमेका रविन लामिछाने र गायक ढकालले लेकालीको माया कस्तो हुन्छ भनेर प्रस्तुत गरेका छन् । लामिछानेकै थेगो रहेको यस गीतलाई शितल म्यूजिकले बजार व्यवस्थापन गरेको छ । म्यूजिक भिडियोलाई भने रसुवाको हिमाली दृश्यको लेकलाई कैद गरिएको छ । दुर्गा पौडेलको छायाँकन र निर्देशन रहेको यस गीतलाई नवीन घर्तीमगरले सम्पादन गरेका छन् । भिडियोमा सुनिल लामिछाने, मेलिना ठकुरी, आइत र कान्छिओको अभिनय रहेको छ ।

### रञ्जित र कोपिलाको दरौंदीमा पुल



गायक रञ्जित परियार गायिका कोपिला गुरुङको स्वरमा रहेको लोकदोहोरी गीत दरौंदीमा पुल नयाँ भर्सनमा आएको छ । गायक रामचन्द्र अर्यालको शब्द लयमा केही वर्ष पहिला नै बजारमा आएको गीत दरौंदीमा पुल अहिले रञ्जित र कोपिलाले नयाँ रुपमा ल्याएका हुन् । हरिदेवी कोइराला, सरिता अधिकारी र रामचन्द्र अर्यालको स्वरमा पुरानो रेकर्ड भए पनि नयाँ रेकर्डमा रञ्जित र कोपिला देखिएका हुन् । दरौंदीमा पुललाई आशिष म्यूजिकले बजार व्यवस्थापन गरेको छ । यसको म्यूजिक भिडियोमा कोपिला गुरुङ र प्रकाश भट्टको मुख्य अभिनय रहेको छ । प्रकाश भट्टकै निर्देशन रहेको यस गीतको म्यूजिक भिडियोलाई करन चैसिरले छायाँकन गरेका छन् भने विष्णु शर्माले सम्पादन गरेका छन् ।

### जे गर्दा नि मिल्दैन भनेः टाढा भाकै राम्रो

'जे गर्दा नि मिल्ने भने मन हाम्रो किन बस्नु पऱ्यो र सँगसँगै टाढा भाकै राम्रो' गीतकार लोकराज अधिकारीको एकल गीति संग्रह दरारमा रहेको टाढा भाकै राम्रो बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक भएको छ । अधिकारीको शब्द प्रमोद खरेलको स्वर र सुरेश अधिकारीको संगीतमा रहेको गीतको म्यूजिक भिडियो गायक




खरेलको अफिसियल च्यानलबाट सार्वजनिक गरिएको हो ।

भिडियोलाई प्रशन्न पौडेलले निर्देशन गरेका हुन । अमेरिकामा छायाँङ्कन गरिएको गीतमा नायक दिलीप रायमाझी सहित समिर र बबिताको अभिनय रहेको छ । भिडियो लाई टेकेन्द्र शाहले सम्पादन गरेका छन । गीतकार अधिकारीले यहि गीतबाट गत बर्षको म्यूजिक खबर म्यूजिक अवार्डमा उत्कृष्ट गीतकारको अवार्ड चुमेका थिए ।

भिडियो सार्वजनिक भए पछि सामाजिक सञ्जालमा असाध्यै धेरै सकारात्मक प्रतिकृया आइरहेको गायक खरेलले बताएका छन । संगीतकार सुरेश अधिकारीले यो गीत आफूलाई असाध्यै मन परेको गीत भन्दै म्यूजिक भिडियो पनि कथा अनुसारकै बनेको प्रतिकृया दिएका छन ।

# चैत १८ मा ढकालको एकल साँझ




**म्यूजिकखबर** । सुगम संगीतका चर्चित गायक रामकृष्ण ढकालको एकल साँझ आगामी चैत १८ गते राजधानीको नेपाल प्रज्ञा प्रतिष्ठानको हलमा सम्पन्न हुन गइरहेको छ । विन्ध्यवासिनी म्यूजिकको आयोजनामा हुन गइरहेको 'रामकृष्ण ढकाल एकल साँझ २०७३' ले सामाजिक क्रियाकलापमा सक्रिय हुँदै आएको संस्था विन्ध्यवासिनी फाउन्डेसनको सहयोगार्थ प्रस्तुत हुने भएको छ ।

आज राजधानीको इन्द्रेणी फुडल्याण्डमा पत्रकार सम्मेलनको आयोजना आयोजक संस्था विन्ध्यवासिनी म्यूजिकले रामकृष्ण ढकाल एकल साँझका बारेमा प्रष्ट पारेको छ । आधुनिक गायनका लोकप्रिय गायक ढकालको प्रस्तुतिलाई ब्याक अफ ब्याण्ड 'द भ्वाइस' का दश जना बाध्यवादकले साथ दिने जानकारी गराइएको छ । गायक ढकालले आफ्ना सर्वाधिक चर्चित २० गीतहरु एकल साँझमा प्रस्तुत गर्नेछन् । ढकाललाई अग्रज गायिका देविका बन्दना र युवापुस्तका चर्चित गायिका जुना प्रसाइँ र प्रविशा अधिकारीले गायनमा साथ दिने भएका छन् । कार्यक्रमबाट जम्मा भएको मुनाफालाई सांगीतिक क्षेत्रमा सक्रिय रही सामाजिक सेवामा समर्पित रहेको संस्था विन्ध्यवासिनी फाउन्डेशनलाई दिने बताइएको छ ।

गायक रामकृष्ण ढकाल एकल साँझको अवसरमा गाइएका गीतहरुबाट स्रष्टाको सिर्जना प्रयोग गरेवापतको रोयल्टीसमेत प्रदान गरिने आयोजक संस्था विन्ध्यवासिनी म्यूजिकले पत्रकार सम्मेलनमा जानकारी गराएको छ । आयोजक संस्थाका अध्यक्ष सुवास रेग्मीले पत्रकार सम्मेलनमा बोल्दै एकल साँझको खर्च कटाएर आएको मुनाफाबाट विन्ध्यवासिनी फाउन्डेशनलाई सहयोग गर्ने र स्रष्टाको सिर्जना प्रयोग गरेवापत संगीत रोयल्टी संकलन समाजको नियमअनुसार रोयल्टी प्रदान गर्ने बताएका छन् ।

गीतसंगीतको क्षेत्रमा सम्बन्धित स्रष्टाहरुको सेवा र सहयोग गर्ने हेतुले स्थापना भएको विन्ध्यवासिनी फाउन्डेशनले कलाकर्मीको हकहित र समाजसेवामा कार्य गर्दै आइरहेको छ । फाउन्डेशनले पहिलो एकल साँझ 'सत्य स्वरुप एकल साँझ'बाट उठेकको रकम भक्तराज आचार्य संगीत प्रतिष्ठानलाई १५ लाख दिएको छ । दोस्रो एकल साँझ 'विमल डाँगी एकल साँझ' बाट उठेको रकमले डोल्पा र स्याङ्जामा दुई दुई जना बालबालिकाको कक्षा १० सम्मको अध्ययनको छात्रवृत्ति प्रदान गरेको छ । त्यस्तै संगीतकार कल्याणकारी कोषमा ५० हजार, संगीत व्यवसायी शिव पौडेलको मृगौला प्रत्यारोपणका लागि ३ लाख १० हजार, स्व.पत्रकार सूर्यकुमार क्षेत्रीको उपचारमा २५ हजार रुपैयाँसमेत सहयोग गरेको पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष रेग्मीले जानकारी गराए । त्यसैगरी संगीतका माध्यमले समाजसेवामा सक्रिय रहेका संगीतकर्मीको ढल्कँदो उमेरको सहाराका रुपमा संगीत आश्रमको परिकल्पना गर्दै स्याङ्जामा दुई सय रोपनी जग्गाको खोजीमा रहेको र जसअन्तर्गत ३५ रोपनी जग्गा फाउन्डेशनले लिइसकेको रेग्मीले बताए ।

त्यसैगरी फाउन्डेशनका सचिव परमानन्द खनालले रामकृष्ण ढकाल एकल साँझलाई सबैतिरबाट साथ र सहयोग जारी रहेको र यसलाई सकारात्मक रुपमाबाट सफल बनाउन सबैक्षेत्रबाट सहयोग मिल्नेमा विश्वास लिएको बताए । खनालले सामाजिक सेवामा हामी सबै एकजुट हुनुपर्ने बताउँदै फाउन्डेशन सम्पूर्ण संगीतकर्मी र संगीतकर्मका माध्यमले जोडिएका पत्रकार, संगीत व्यवसायी सबैको साझा घर भएको बताए ।

# एमपी सुब्बाको निर्देशनमा ए साइँला



**म्यूजिकखबर** । एक विहानै रामकोटको डाँडामा सिरसिर हावाको झोकासँगै घामको मधुर प्रकाशले वातावरणमा मधुरता थियो । रमणीय स्थल अनि सुनसान र मधुर त्यो वातावरणमा गुञ्जिँदैथियो, 'ए, साइँला पहिले जस्तो हुँदैन भेट' । जहाँ एक प्रेमिल जोडीको भेट हुन्छ, त्यही गुञ्जायस 'ए, साइँला...' गीतमार्फत । जसले त्यहाँको वातावरणलाई जिस्काइरहेको आभाष हुन्थ्यो । तर ती जोडीलाई साइला र साइलीका रुपमा प्रस्तुत गराउने भने पत्रकार एमपी सुब्बा नै थिए ।

एक दशकदेखि बेलायतमा बस्दै आएकी गायिका अनिला राईको 'ए, साइँला...' बोल गीतको भिडियो मंगलबार रामकोटको डाँडापाखा र गाउँघरमा गरिएको छ । गीतको भावनाअनुसार उक्त गीतको छायांकन रामकोटको डाँडापाखामा गरिएको बताइएको छ ।

गाउँघरमै बस्दै आएकी साइँलीले प्रदेसिएका आफ्ना साइँला अर्थात प्रेमीलाई सम्भनाको तरेलीभरी बिसाएको भाव 'ए, साइँला' गीतले पोखेको छ । त्यसैले पनि उक्त गीतको छायांकन गर्न रामकोटको डाँडा खोज्दै युनिट त्यहाँ पुगेको हो । भिडियोमा साइलीको भूमिका मोडल तथा अभिनेत्री निशा पोमु लिम्बूले गरेकी छन् भने मोडल दिक्पाल कार्की प्रदेसिएका साइँला । उक्त भिडियोलाई पत्रकार एमपी सुब्बाले निर्देशन गरेका छन् भने छायांकन तथा कन्सेप्ट डिजाइन फोटो पत्रकार नविनबाबु गुरुङको रहेको छ । भिडियोमा अन्तरजातीय प्रेमभाव झल्किनेछ । मोडल निशा र दिक्पालले गीतको भावना अनुसार शसक्त अभिनय गरेका छन् । दर्जनौ म्युजिक भिडियो र केही नेपाली चलचित्रमा अभिनय गरिसकेकी निशाले 'ए, साइला...' गीतमा आफ्नो नृत्य पारंगत पनि राम्रै देखाएकी छन् । त्यस्तै, दिक्पालले पनि राम्रै अभिनय गरेका छन् किनकि दिक्पाल आफै एक कुसल मोडल तथा अभिनेता पनि हुन् । निशा र दिक्पाललाई सुन्दर बनाउने काम भने 'मिस ब्युटिसियन नेपाल' समेत रहेकी ब्युटिसियन गौरा राईले गरेकी थिइन् । 'ए, साइँला...'मा अभिनय गरेपछि निशाले भनिन्, 'यो भिडियोबाट मैले धेरै आशा गरेकी छु ।' दिक्पालले पनि निशालगायतका टिमसँग काम गर्ने अवुसर पाउँदा आफूलाई खुसी लागेको सुनाए ।



हेमकुमार राईको शब्दरचना तथा डक्टर किरातको संगीत रहेको 'ए, साइँला...' गायिका अनिलाको पछिल्लो आधुनिक गीति एल्बम 'स्वरांकन' मा समावेश गीत हो । यसअघि उक्त एल्बमका चार भिडियो रिलिज भइसकेका छन् । र, यो पछिल्लो समय छायांकन गरिएको 'ए, साइँला' गीतको भिडियो पनि केही दिनमै सार्वजनिक हुने गायिका अनिलाले बताइन् ।

केही दिनअघि मात्र आफ्नो एक लोक गीतको भिडियो रिलिज गरेकी अनिलाले भनिन्, 'यो गीतको भिडियोबाट धेरै आशा लिएको छु, जसले दर्शकको माया र साथ दिलाओस् ।'

# मोहम्मद वारिस खाँको आगो र फूल



**म्यूजिकखबर** । गायक मोहम्मद वारिस खाँको आधुनिक गीति सङ्ग्रह आगो र फूल राजधानीमा विमोचन गरिएको छ । प्रमुख अतिथि अभिनेत्री रेखा थापा, बिशेष अतिथि संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष, सङ्गीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारी, गजलकार डा.घनश्याम परिश्रमी, सङ्गीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागी संगीत उत्पादक समाजका अध्यक्ष निर्मल ढकाल लगायतको हातबाट आगो र फूलको सार्वजनिक गरिएको हो ।

गायक खाँको बारेमा बोल्दै प्रस्तोता समाज नेपालका कार्यक्रम निर्देशक नरहरि प्रेमीले गायकसँगको सहकार्यका बारेमा उल्लेख गरेका थिए । मुस्लिम भन्दा काठमाडौंमा कोठा नपाएको र नाम र थर परिवर्तन गरेपछि कोठा पाएको क्षण उल्लेख गर्दै प्रेमीले खाँ राम्रो गायक भएको बताएका थिए । त्यस्तै गजलकार डा. घनश्याम परिश्रमीले खाँ बुबासँगको सामिप्यताले मुस्लिम भित्र एउटा संस्कार भुल्न हुन्न भन्ने विश्वास भएको व्यक्ति भएको हुँदा छोरा पनि संस्कारमा रहेर समाजमा राम्रो बनोस् भन्ने विचार राख्ने व्यक्ति पाएको बताए । उनले बुबाको सोचसँग समाजमा अलि फरक बन्न खोजेको बताउँदै उनको गायनयात्राले शिखर चुम्ने विश्वास राखे । त्यसैगरी सङ्गीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले खाँ एउटा सच्चा राष्ट्रवादी भएको उल्लेख गरे । नाकाबन्दीको समयमा पनि भैरहवा नाका खुला राखेर देशमा इन्धन अभाव हुन नदिने व्यक्ति भएको उल्लेख गर्दै नेपालप्रति नेगेटिभ भारतीयलाई पोजेटिभ बनाएको घटना सुनाएका थिए । संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेषले वारीस खाँले नविन कार्य नगरेको तर नेपाली संगीतमा भने पृथक आयाम थपेको बताउनु भयो । उहाँले खाँ एक अशल सर्जक भएको बताउनु भयो । त्यस्तै सङ्गीत कला पत्रकार संघका अध्यक्ष सुमन बैरागीले आगो र फूल जस्तै उहाँको दिनचर्या बितेको बताउँदै समाज आगो भएको बेला उहाँ फूल भएर देशमा क्रियाशील रहेका् उल्लेख गरेका थिए । सोही अवसरमा आयोजक संस्था म्यूजिक संसार नेपालले गीतलाई प्रविधिको प्रयोग अनुसार बिक्रीको सुरूवात गरेको थियो । संगीतकला पत्रकार संघका उपाध्यक्ष लोकराज अधिकारीले संचालन गरेको कार्यक्रममा प्रमुख अतिथि नायिका थापाले गायक वारिस खाँले सांगीतिक बिद्रोह गरेको तर त्यो अत्यन्त सह्रानिय भएको बताइन् ।

एल्बममा चारवटा गीत समावेश गरिएको छ । जसमा कित मेरो मुटुलाई, आउनु है कान्छी ,काली काली बान्कि परेकी, जिन्दगीभर जीवनसाथी बोलका गीतमा सुरेश अधिकारी, शिखर सन्तोष, बसन्त सापकोटा, रबिराज शाहको संगीत रहेको छ भने शितल कादम्विनी, सुरेश अधिकारी र प्रगती थापाका शब्द रहेका छन् । कार्यक्रममा ३ गीतको म्यूजिक भिडियो पनि सार्बजनिक गरिएको थियो ।

# मन्त्रीदेखि सांसदसम्मलाई सम्मान, उत्कृष्ट पाँचमा परेकालाई मनोनयनको प्रमाणपत्र




**म्यूजिकखबर** । पाँचौ रापती म्यूजिक अवार्डले उत्कृष्ट पाँचमा परेका स्रष्टा र सिर्जनालाई उत्कृष्ट पाँचको मनोनयनको प्रमाणपत्र प्रदान गरेको छ । रापती समाज काठमाडौंको आयोजनामा हुँदै आएको यस अवार्डले राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै मनोनयनको प्रमाणपत्र प्रदान गरेको हो । संगीतका बिभिन्न ३२ विधामा मनोनयन सार्वजनिक गर्दै सर्जक कलाकारहरूलाई प्रमाणपत्र वितरण गरिएको हो । कार्यक्रममा ख्यातीप्राप्त राष्ट्रिय कलाकारहरू उपस्थित भई प्रमाणपत्र ग्रहण गरेका थिए । अवार्ड कार्यक्रम चैत्र २८ गते सांस्कृतिक संस्थान राष्ट्रिय नाँचघर जमलमा आयोजना गरीने समाजका अध्यक्ष शशि शर्मा मजगैंयाले जानकारी दिए । उनले कार्यक्रममा बोल्दै अवार्डको नियमअनुसार आवेदन दिएका स्रष्टा र सिर्जनाको मात्र निर्णायकहरूले उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गरेको हुँदा सामाजिक सञ्जालमा आएका विभिन्न प्रतिक्रियाको तुक नभएको बताएका थिए । कुनै यूट्यूबमा धेरै दर्शक वा रेडियो, टेलिभिजनमा धेरै बज्दैमा गीत चर्चित नहुने बताउँदै गुणस्तरीयताको मापनले अवार्ड हुने गरेको अध्यक्ष मजगैंयाले बताए । सोही अवसरमा रापती समाजले रापती अञ्चलबाट नेपाल सरकारको विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका मन्त्री र विभिन्न क्षेत्रमा क्रियाशील रही रापतीका लागि योगदान पुर्‍याएका व्यक्तित्वहरूलाई सम्मान प्रदान गरेको थियो ।

सम्मानित हुनेमा सिंचाई मन्त्री दिपक गिरी, युवा तथा खेलकुद मन्त्री दलजित श्रीपाली, नेपाली कांग्रेसका सांसदद्वय अनिता देबकोटा र बुद्धिराम भण्डारी, नेकपा एमालेका सांसदद्वय युवराज ज्ञवाली र हिराकहादुर के.सी, फोरम लोकतान्त्रिकका सांसद योगेन्द्र चौधरी, राप्रपाको केन्द्रीय सदस्य कोमल ओली रहेका छन् । त्यसैगरी समाजले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी प्रमुख घछघसियसनका अध्यक्ष शेरबहादुर के.सीलाई पनि समाजले सम्मान गरेको थियो ।

समाजले संगीत विधाका आफ्ना नियमीत सम्मान तथा पुरस्कार अन्तर्गत नारायण पाण्डे दोहोरी प्रतिभा पुरस्कार दोहोरी गायक गायिका गोविन्द मधुर आचार्य र देवकला बस्नेत, रापती सांस्कृतिक सम्मान संगीतकार मथुराप्रसाद श्रेष्ठ, रापती सांस्कृतिक प्रतिभा पुरस्कार नायक पल शाह, रापती सामाजिक सम्मान समाजसेवी गोपाल बस्नेन, लाल समुन्द्रा राष्ट्रिय बहुप्रतिभा पुरस्कार गायिका एवं सञ्चारकर्मी कोमल ओली र भिमनन्द स्मृति पुरस्कार डा.कृष्णराज डि.सीलाई प्रदान गरेको छ ।




# मेक्सम र मधुको ब्यूटी ब्यूटी छ

मेक्सम खाती क्षेत्री र गायिका मधु क्षेत्रीले दोहोरी गीत 'ब्युटी ब्युटी छ' बजारमा आएको छ । गोरक्ष म्यूजिकले बजार प्रबर्द्धन गरेको यस गीतलाई नरेश खाती क्षेत्रको शब्द र संगीत रहेको छ । लामो समयदेखि यस क्षेत्रमा क्रियाशील रहेका नरेश खातीले यसभन्दा अघि पनि राम्रो शब्द सिर्जना संगीत बजारलाई दिइसकेका छन् । यतिबेला भने आफ्नै कम्पनी संचालनमा ल्याएर 'ब्यूटी ब्यूटी छ' लोकदाहोरी गीत सार्वजनिक गरेका हुन् ।

त्यस्तै मेक्समले गाएका गीत थोरै भए पनि चर्चा बटुलेका गीत छन् । सानु कहाँ छौ, रसिलो छ बोली, आइ लभ यू जस्ता गीतले नरेशको शब्द संगीतलाई जसरी चिनायो मेक्सम खातीलाई पनि चिनाउन सफल भयो । युवापुस्तामा राम्रो प्रतिभाको रूपमा मेक्समलाई लिइने गरिन्छ । दुई दाजुभाइको सांगीतिक जोडी नै हो भन्दा पनि फरक पर्दैन । दाजुभाइको क्रियाशीलतामा गोरक्ष म्यूजिक संचालन भएको हो ।

मधु क्षेत्रीको ब्यूटी ब्यूटी छ बोलको गीतको म्यूजिक भिडियोलाई क्रान्ति केसीले निर्देशन गरेका छन् । जसमा एसराज गहतराज र अनु शाहले अन स्क्रिन रोमान्स गरेका छन् भने उत्सव दाहाले छायांकन गरेका छन् ।

# डेविडको गीतमा शैक्षिक बेरोजगारीको पीडा

**म्यूजिकखबर** । सुगम संगीतका स्थापित गायक डेविड शंकर एउटा नयाँ गीतको म्युजिक भिडियोमार्फत दर्शक तथा स्रोतामाझ आएका छन् । आफ्नै शब्द, संगीत तथा स्वरको 'आईकम बिकम...' शीर्षकको उक्त गीतको म्युजिक



भिडियो विभिन्न टेलिभिजन च्यानलमार्फत एकै साथ प्रिमियर गरिएको हो । यो गीत गायक डेविड शंकरको दोस्रो एकल एल्बममा समावेश छ । गोपाल रसाइलीद्वारा संगीत संयोजन गरिएको उक्त गीतको भिडियोलाई फराज अर्पणले निर्देशन गरेका हुन् । गायक डेविड शंकरद्वारा नै अभिनय गरिएको उक्त भिडियोका सम्पादक तथा छायांकार पनि फराज अर्पण नै हुन् ।

भिडियोमार्फत नेपाली युवाको वर्तमान अवस्थालाई चित्रण गर्न खोजिएको छ । शैक्षिक बेरोजगारका कारण नेपाली युवा अझै पनि विदेशिन बाध्य छन् भन्ने सन्देश बोकेको भिडियोले कम समयमै दर्शकको मन जितेको छ । फार अवे इन्टरटेन्मेन्टले निर्माण गरेको उक्त भिडियोलाई हाइलाइट्स रेकर्ड्सले यूट्युवमा रिलिज गरेको हो ।

गायक डेविड शंकर पछिल्लो समय चलचित्रको पार्श्व गायनमा पनि सक्रिय छन् । उनले विभिन्न तीन दर्जन नेपाली चलचित्रमा पार्श्व गायन गरिसकेका छन् । चलचित्र 'गोरे' बाट पार्श्व गायन प्रँरम्भ गरेका गायक शंकरले पछिल्लो चलचित्र 'पञ्जेबाजा' सम्म आइपुग्दा पार्श्व गायन गरेका चलचित्रको संख्या ३९ पुगेको हो । २०६२ सालमै पाँचथर आइडलको उपाधि जितेर सांगीतिक क्षैत्रमा सक्रिय भएका गायक शंकरले २०६४ सालमा पूर्वाञ्चल आइडलको उपाधि जितेपछि पछाडि फर्किएर हेर्नु परेको छैन । उनको पहिलो एल्बम 'माई ड्रिम्स' २०६८ सालमै बजारमा आएको थियो भने दोस्रो एकल एल्बम नयाँ वर्षको अवसर पारेर सार्वजनिक हुने क्रममा छ ।

# शेर्पाको झ्याउँकिरी करायो

गायनको क्षेत्रमा भर्खरै मात्र प्रवेश गरेका गायक गौतम शेर्पाको झ्याउँकिरी कराउन थालेको छ । बर्षायाममा कराउने झ्याउँकिरी यतिबेला नै कराउन थालेपछि वर्षायाम सुरू भएछ कि भन्ने भान हुन थालेको छ । वसन्त



ऋतुको आगमनसँगै आएका गौतम शेर्पाको झ्याउँकिरीलाई यतिबेला सबैले रूचाएको अवस्था छ ।

जूनकिरीको अपार सफलतापछि गायक विरही कार्कीले झ्याउँकिरी निर्माण गरेका हुन् । जुन गीत गौतम शेर्पा र देवी घर्तीको स्वरमा बजारमा आएको छ । विरही कार्कीकै शब्द र संगीतमा निर्माण भएको यस गीतलाई सुनखानी म्यूजिकले बजार व्यवस्थापन गरेको छ । यस गीतको म्यूजिक भिडियोलाई शंकर बिसीले निर्देशन गरेका हुन् भने बिसी र अन्जना तामाङले अभिनय गरेका छन् । दुर्गा पौडेलको छायाँकन रहेको यस भिडियोलाई नवीन घर्तीले सम्पादन गरेका हुन् । यस भिडियोको पोस्ट प्रोडक्सनको कार्य भने कृष्ण फिल्म्सले गरेको छ ।

नेपाल माइक्रो कम्पनी प्रा.लि.
टिकट काउन्टर
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

सल्लाहकार
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

प्रकाशक/सम्पादक
सविता पोखरेल

प्रधान सम्पादक
सुमन बैरागी

निर्देशक
मिलन मोक्तान

सम्वाददाता
राधिका अधिकारी
दिनेश थापा

व्यवस्थापक
अविनाश लम्साल

तस्वीर
नवीनबाबु गुरुङ
देवराज आचार्य

कार्यालयः
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com

मुद्रणः
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

# सम्पादकीय

## सकारात्मक बाटोमा रोयल्टी व्यवस्थापन

कुनै पनि स्रष्टाको सिर्जना सार्वजनिक रूपमा प्रयोग गरेवापत बुझाउनु पर्ने कर 'रोयल्टी' हाल आएर व्यवस्थापनमा सबैतर्फबाट सहयोग मिल्दै आएको छ । कुनै बेला रोयल्टीकै विषयलाई लिएर ठूलै आन्दोलन सुरू भएको थियो । त्यसबेला संगीतकर्मीहरूले नै 'रोयल्टी' भनेको राम्रोसँग बुझेका थिएनन् । एउटा एल्बम कुनै कम्पनीलाई दिंदा बिक्री गर्ने की रोयल्टी बुझ्ने भन्नेमा मात्र रोयल्टीको परिभाषा देखिन्थ्यो । पछिल्लो समय डिजिटल बजारमा रिङ ब्याक टोन -सिआरबीटी, पिआरबीटी, स्माट, यूटिएल) लाई मात्र रोयल्टी प्राप्त गर्ने माध्यमका रूपमा पनि बुझ्न थालियो । तर प्रतिलिपि अधिकारको बौद्धिक सम्पत्तिको विषयमा भने धेरै बुझ्न अझै सकेका छैनन् ।

संगीत रोयल्टी संकलन समाज नेपालको स्थापना भएपश्चात नेपालमा रोयल्टीका विषयहरू उठान हुँदै आएको हो । अन्तर्राष्ट्रिय मापदण्ड अनुसार स्थापना भएको यस समाजले गीतकार संगीतकार, उत्पादक र प्रस्तोताको रोयल्टीलाई जम्मा गर्ने र बितरण गर्ने कार्य गर्दै आएको छ । समाजले गीतसंगीतका सार्वजनिक प्रयोगकर्ताहरूसँग यसको जम्मा गर्ने काम गरिरहेको छ । जस्तैः नेपाल टेलिकम, एनसेल, रेडियो, टेलिभिजन, यातायात, महोत्सव, कन्सर्ट, दोहोरी साँझ, डान्सबार, डिपार्टमेन्टल स्टोर, रेस्टुरेन्ट, फनपार्क लगायत गीतसंगीतको व्यापार गर्दै आएका म्यूजिक नेपाल, हाइलाइटस् नेपाल, डिजी इन्टरटेनमेन्ट, सङ्स नेपाल जस्ता संगीतको सेवाप्रदायक कम्पनीहरू रोयल्टी तिर्नुपर्ने ठाउँहरू हुन् । यीमध्ये केहीले गीतसंगीतको रोयल्टी बुझाइसकेका छन् भने केहीले बुझाउनका लागि अझै अटेर गरिरहेको अवस्था छ । तिनीहरूलाई अब सरकारी दायारामा ल्याउनका लागि सरकारले नवीकरण गर्दा अनिवार्य गीतसंगीतको कर अर्थात् रोयल्टी बुझाउनुपर्ने अन्याथा कम्पनी नवीकरण नहुने प्रावधान बनाइसकेको छ । यसको दायाराभित्र अब कुनै पनि गीतसंगीतलाई सार्वजनिक प्रयोग गरेर व्यापार व्यवसाय गर्नेहरू भाग्न नसक्ने भएका छन् ।

केहीसमय अघि मात्र पोखराको एक महोत्सवले रोयल्टी बुझाएको छ । त्यो उदाहरणीय कार्यका रूपमा समाजले लिनुपर्ने देखिन्छ । त्यस्तै रेडियोअडियोले पनि आफ्नो आम्दानीको एक प्रतिशत रोयल्टी बुझाइसकेको छ भने काठमाडौं फन भ्यालीले पनि रोयल्टी तिरेको अवस्था छ । रेडियो नेपालबाट पनि रोयल्टी बुझाउने कार्यमा चासो देखाइरहेको छ भने नेपाल टेलिकम र एनसेलले पनि रोयल्टी बुझाउँदै आएको छ । तर प्रयोगकर्ताहरूले दिनुपर्ने गीतसंगीतको यकिन डाटा दिन नसक्दा रोयल्टी व्यवस्थापनमा असजिलो अवस्था भने सिर्जना भइरहेको देखिन्छ । तर पनि रोयल्टी नबुझाई व्यापार गर्छु भन्ने दिन अब सकिएको हुँदा कुनै पनि निकाय यसबाट पछि हट्ने सम्भावना नै छैन । माथिका केही उदाहरणहरू एउटा सकारात्मक रूपमा रोयल्टी व्यवस्थापन गर्न अघि सरेका छन् । यसका लागि रोयल्टी समाज, उत्पादक समाज र प्रस्तोता समाजको सीएमओ (कलेक्सन म्यानेजमेन्ट अर्गानाइजेशन) यस कार्यमा अघि बढिरहेको छ । अब गीतसंगीत क्षेत्रका सर्जकहरूको भविश्य बल्ल उज्यालो दिशातर्फ उन्मुख भएको देखिन्छ । यसमा सबैको ऐक्यबद्धता र हातेमालो जरूरी पनि देखिन्छ ।

# साँझमा गुन्जियो कविताको स्वर



काठमाडौं । साँढे तीन दशक देखि गायनमा लागेकी गायिका एवं अभिनेत्री कविता आलेले सोमबार आफ्ना १४ ओटा गीत सुनाएर दर्शकलाई मन्त्रमुग्ध पारिन् ।

सांस्कृतिक संस्थान र नेपाल मगर सांस्कृतिक संघले उनको पहिलो एकल गायन सांगीतिक साँझको अबसर जुराएको हो । जीवनकै पहिलो एकल गायनमा प्रत्यक्ष वाद्यवादन सहित प्रस्तुत भएकी आलेले जलेवाले पानी...गीतबाट कार्यक्रम सुरू गरेकी थिईन् ।

यसपछि उनले आफ्नो चर्चित गीत सरमा सर...गाईन । यो गीतमा उनलाई दर्शकले तालीले साथ दिए । यसपछि मगर कलाकार सांस्कृतिक संघका कलाकारले मगर नृत्य प्रस्तुत गरे ।

दोस्रो चरणमा गायिका आलेले तीन ओटा गीत प्रस्तुत गरिन् । उनले यो चरणमा आइछ्यौनी..., माथिमा माथि..., सक्रान्ति बजार...गीत सुनाईन ।

आफ्ना चर्चित गीत झ्याम्मै चौतारी मायाँ लाउँभने छैन दौतरी..., चुरोटे दाईले... र बरको छायाँ गरी तीन ओटा गीत उनले तेस्रो चरणमा सुनाईन ।

यस्तै हिमालै चुली त्यो पल्लापटी...जस्ता चर्चित गीत उनले गाउँदा दर्शकहरूले निरन्तर तालीले साथ दिए । यस्तै ६ भने मायाँ सुटुक्कै लाईदेउ..., तथा देउडा भाका छ्याम्म छ्याम्म...ले पनि दर्शकको मन जित्यो ।

यस्तै उहाँले कार्यक्रममा अन्त्यमा मेरो मायाँ...र आफ्नो सर्वाधिक चर्चित गीत उठी खर काटौं, बसी खर काटौं...गीत सुनाउँदै मञ्चबाट बिदा भईन् ।


सो कार्यक्रमलाई नीर आले मगरको प्रहसन, नीर्मला मगरको नृत्य, नेपाल मगर सांस्स्कृतिक संघका कलाकार हरूको स्वागत गायनले रौनकता थपेको थियो ।

कार्यक्रममा उनलाई प्रत्यक्ष बाद्यबादनमा भरत नेपाली, लोकराज राई, आकाश गोर्खाली, देब आले, धन बहादुर गुरूङ, पूर्ण मगर, रोहित सुवेदी, भरत बुढाथोकी, भागीरथ सुसलिङ, पोषण घर्तीमगर, अनिल थापामगरले साथ दिएका थिए ।

नेपाल मगर कलाकार कल्याणकारी कोषको लागि आयोजना गरिएको सो कार्यक्रममा गायिका कविता आलेलाई स्वरमा कलाकारहरू गणेश रसिक, छत्रबहादुर गुरूङ, तारा थापा, शिला आले खनालले साथ दिएका थिए ।

कार्यक्रम सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा, संस्कृति मन्त्रालयका संस्कृति महाशाखा प्रमुख भरतमणि सुवेदी, नेपाल मगर संघका अध्यक्ष कविराज मगरले कविता आलेको गायन र व्यक्तित्व बारे कार्यक्रममा चर्चा गरे । आफुलाई विश्वास गरेर एकल गायनको अवसर जुटाई उर्जा थपेको भन्दै गायिका कविता आलेले आयोजक प्रति धन्यवाद ज्ञापन गरिन् ।

# डीआरको पाँचौं एल्बम 'गहिराई'




म्यूजिकखबर । गीतकार डीआरको पाँचौं गीतिसंग्रह 'गहिराई' आज सार्वजनिक भएको छ । कार्यक्रमका प्रमुख अतिथि गजलकार डा.कृष्णहरि बरालद्वारा गीतकार डीआरको गहिराई सार्वजनिक गरिएको हो । ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ ज्योतिप्रकाश, कवि तथा गीतकार शान्तिप्रिय, सांगीतिक संघका महासचिव सन्तोष श्रेष्ठ, संगीतकार कुवेर राई लगायतले डीआरको पाँचौं एल्बम गहिराई सार्वजनिक गरेका थिए ।

गीतकार डीआरले कार्यक्रमलाई स्वागत मन्तव्य दिंदै आफ्ना गीतका बारेमा उल्लेख गरेका थिए । गीत कसरी लेखियो भन्ने बारे गीतकार डीआरले विभिन्न प्रसंगहरू प्रस्तुत गरेका थिए । आफूले एल्बमहरू पाँचौं श्रृंखलासम्म निकाले पनि विमोचन भने पहिलो रहेको जानकारी गराउँदै डीआरले गीतिलेखनले आफूलाई सक्रिय गराइरहेको बताए । कान्तिपुरदेखि सन्दकपुरसम्म, आत्मभाव जस्ता कृतिहरूसमेत बजारमा ल्याएका डीआरले गीत लेखनलाई भने केन्द्रविन्दुमा राखेर अघि बढेका छन् । त्यस्तै संगीतकार सन्तोष श्रेष्ठले संगीत कसरी निर्माण भयो भन्ने बारेमा आफ्नो धारण राखेका थिए । कार्यक्रममा प्राज्ञ ज्योतिप्रकाश विश्वकर्मा, कवि तथा गीतकार शान्तिप्रिय, संगीतकार कुवेर राईले गीतकार डीआरका बारेमा उल्लेख गरेका थिए भने कार्यक्रमका प्रमुख अतिथि डा.कृष्णहरि बरालले गीतकार डीआरका गीतहरू केलाउँदै एउटा राम्रो गीतकारका रूपमा डीआर प्रस्तुत भएको बताएका थिए ।

गहिराईभित्र ६ वटा गीतहरू समावेश गरिएको छ । झन्झन् मुटु दुख्न थाल्यो, उदासी मनलाई, लालुपाते, भेटघाटै टुट्यो, पहाडकी रानी इलाम, विश्वको उच्च जस्ता गीतहरू समावेश गरिएका छन् । जसमा सन्तोष श्रेष्ठ, शिवसंगम राई, गणेश पराजुली, मानसिंह थुलुङ र नरेन्द्र प्यासीको संगीत रहेको छ । प्रमोद खरेल, मिलन अमात्य, मनोहरि थापा, संगीत थापा, डेनी निरौला, नरेन्द्र प्यासी र साथीहरूको स्वर रहेको छ । डीआर म्यूजिक सेन्टरले गीतलाई बजार व्यवस्थापन गरेको छ । कार्यक्रम सञ्चालन सञ्चारकर्मी राधिका अधिकारीले गरेकी थिइन् ।

# अशोकको झुल्केको घाम




गायक अशोक मुकारूङको एकल गीती एल्बम 'झुल्केको घाम' सार्वजनिक भएको छ । विहिबार राजधानीमा एक कार्यक्रमकाबीच नेपाल सङ्गीत नाट्य प्रज्ञाप्रतिष्ठानका सदस्य सचिव गणेश रसिक, प्रज्ञा प्रतिष्ठानका प्राज्ञ श्रवण मुकारूङ, नेपाली वाङमय परिषद्का अध्यक्ष शशी लुमुम्बु लगायतका स्रष्टाले संयुक्तरूपमा विमोचन गरे ।

मुकारूङले निकै लामो समयपछि ल्याएको यो चौथो एल्बम हो । एल्वममा ७ गीत समावेश रहेका छन् । एल्बममा गौरब गुरूङ, खेमराज गुरूङ, तुलसी बस्नेत, वसन्त मुकारूङ, वसन्त ताम्सुहाङ र गंगाराज मुकारूङको शव्द छ भने वसन्त मुकारूङ, खेमराज गुरूङ, सन्तोष श्रेष्ठ, सुमन राईको संगित रहेको छ । कार्यक्रममा 'झुल्केको घाम' र 'लैबरी' बोलको गीतको भिडियो समेत सार्वजनिक गरिएको छ । गायक मुकारूङले लामो समय पछि ल्याएको एल्वममा मौलिकता दिन खोजिएको बताए । एल्वमलाई सेवा इन्टरटेडमेन्टले बजारमा ल्याएको छ ।

# कलाकारको जिन्दगी

म्यूजिकखबर डेक्स

कलाकारको जिन्दगी बाहिरबाट देख्दा सौखिन हो भने भित्र आफ्नै पीडामा डुबुल्की मारेको हुन्छ । बाहिर जति वाही वाही भए पनि उनीहरूको भित्री जिन्दगी कसैलाई थाहा हुँदैन । अभावैअभावमा पिल्सिएको जिन्दगीभित्र कलाकार एउटा सामाजिक रूपमा चर्चित बनिरहेको हुन्छ । समाजको ऐनाका रूपमा कलाकारलाई लिइन्छ तर ऐना फुट्यो भने कस्तो हुन्छ भन्ने कुरा सबैले अनुमान गरेकै कुरा हो । समाजको सकारात्मक बाटोमा कलाकार हिंड्नुपर्छ भन्ने सोच सबैमा हुन्छ । एउटा सेलीब्रेटी बनिसक्दा पनि कलाकारको आफ्नो पारिवारिक जिन्दगी भने तहसनहस भइरहेको हुन्छ ।



पारिवारिक पीडाभित्र आँसु लुकाउँदै स्टेजमा हाँस्नुपर्ने बाध्यतामा हुन्छ कलाकार । कहिले तल त कहिले माथि अनि कहिले चर्चा त कहिले फ्लपको श्रेणीमा कलाकार दौडिरहेको हुन्छ ।

आजभोलि एउटा गीत बजारमा निकै चर्चा छ 'कलाकारको जिन्दगी' । यसभित्र कलाकारको एउटा वास्तविकता रहेको देखिन्छ । गीतभित्र कलाकारको जिन्दगीको उतार चढावलाई प्रस्तुत गरिएको छ । कलाकार कहिले हिट कहिले फ्लप, कहिले यति कमायो, कहिले सुको नभएर भट्टीमा बास छ भन्ने गर्छन् । कहिले रोयल्टी नपाएको तनाव, कम्पनीको हालीमुहालीको तनाव, गफैगफमा जिन्दगी बितेको छ । त्यही जिन्दगीको यथार्थ धरातलमा 'कलाकारको जिन्दगी' चलेको भेटिन्छ । जसमा सुगम पोखरेलको स्वर रहेको छ भने गिरिश खतिवडा र यमबुद्धले ऱ्याप हानेका छन् । ठूला भनेकैबाट धोका खानुपरेको कुरा यस गीतभित्र प्रस्तुत गरिएको छ । तर समाजले देखेको कलाकार भित्र जे भए पनि जिन्दगी कलाकारितामा नै समावेश गरेको कुरालाई पनि सकारात्मक तरिकाले प्रस्तुत गरेका छन् । यमबुद्ध अर्थात अनिल अधिकारीको भौतिक शरीरले यस क्षेत्रबाट विदा लिइसकेको छ तर यसभित्र प्रस्तुत भएका दुई स्रष्टा सुगम पोखरेल र गिरिश खतिवडासँग प्रत्यक्ष भेटेर गरिएका केही कुराहरूले प्रष्ट पार्छ कलाकारको जिन्दगी कस्तो हो भन्ने ।

गायक सुगम पोखरेल चल्ती र चर्चित गायक हुन् । उनको फ्यान फलोअर छुट्टै छ । आधुनिक पप गायनमा सुगम पोखरेललाई नचिन्ने कमै होलान् । पछिल्लो समयको उनको चलचित्र प्रेमगीतको 'म यस्तो गीत गाउँछु'बाट त झन् गायनको यात्राको बाटोलाई मोडिदिएको छ । गायक पोखरेलका अनुसार यो कलाकारको जिन्दगीभित्र आफ्नो गीत जसरी प्रस्तुत भएको छ यथार्थ धरातलमा भएको महसुस भएको बताउँछन् । उनको गीतलाई ऱ्यापका दुनियाँको दुई पुस्ता गिरिश खतिवडा र यमबुद्धको प्रस्तुतिले पूर्णता दिलाएको छ । ऱ्यापका माध्यमले कलाकारको जिन्दगीका धेरै कुराहरू समेट्न सकिएको गायक पोखरेलले बताएका छन्।कलाकारको बारेमा सायद कसैले पनि यस्तो गीत निर्माण भएका छैनन्, यो सायद पहिलो नै होला पोखरेलले बताए । कुनै अतिरञ्जित गर्नका लागि होइन, यो यथार्थता हो । अब यसमा गिरिशको महत्वपूर्ण भूमिका रहेको छ भने अनिलले पनि धेरै मेहनत गरेको छ तर साथमा अझ अनिल भइदिएको भए अझै सफलता भएको महसुस हुन्थ्यो ।




> कलाकारितामा दशकौं बिताइसकेका कलाकारको भविश्य हेर्दा पनि औषधी किन्ने पैसा नभएर मृत्युबरण गरेका घटनाहरू पनि हाम्रो सामु छ । दाहसंस्कारका लागि दाउरा किन्ने पैसा खोज्नुपर्ने अवस्था पनि धेरैको देखिएको छ । कला छउन्जेल रमाइलो दिँदै हिंड्दा पारिवारिक रूपमा धुजाधुजा भएको जिन्दगी कलाकारको भेटिएको छ ।

ऱ्यापको क्षेत्रमा अघिल्लो पुस्ताका चर्चित ऱ्यापर गिरिश खतिवडा आफूलाई चित्त बुझेकोले यो गीतमा फिलिङ्समा ऱ्याप दिएको बताए । उनले कलाकारको जिन्दगीभित्रका शब्दहरूले आफ्नो मन छोएको हुँदा एउटा कलाकार कसरी जिन्दगी गुजारिरहेको छ भन्ने यथार्थभित्र गीत तयार भएको गिरिशले बताए । गीत रेकर्ड भएको लामोसमय बित्दा पनि भिडियो गर्न नपाएको तीनैजना एकठाउँमा जुट्न नसक्दानसक्दै यमबुद्धले भौतिक शरीरलाई धर्तीबाट विदा दिए । उनको अभावमा पनि यो गीत तयार गरिएको बताए । श्रद्धाञ्जलीस्वरूप यो गीत आएपछि कलाकारको जिन्दगीको यथार्थ धरातल प्रष्ट भएको बताएका छन् । कलाकारको जिन्दगी गीतजस्तै उदाहरणमा सुगम पोखरेल, गिरीश खतिवडा र यमबुद्ध भए पनि उनीहरूको 'सिजनाल' कलाकारको धरातल प्रष्ट पारेको हो । सीमितमायोलागूनहोला, कति व्यवसाय गर्नेहरू यो क्षेत्रमा लगानी गरिरहेका छन् भने कति रेमिट्यान्स यो क्षेत्रमा खर्चिएको अवस्था छ । तर कला र गला प्रस्तुत गर्नेहरू भने सधैं तड्पिरहेको अवस्था देखिन्छ ।



कुनै कलाकार आज पूर्व छ भोली पश्चिम पुग्छ । कोही गीत चर्चामा हुन्छ कहीँ जान पाउने अवसर बन्दै बन्दैन । कसैका गीत बिक्री हुन्छ मालामाल हुन्छ तर कही रोडमै सीमित भइरहेको हुन्छ । गीत हिट भइरहेको कलाकार चिया खाने पैसा नपाएर दिन बिताइरहेको अवस्था पनि छ । एउटा गीत बल्लतल्ल निर्माण गऱ्यो लगानीसहित कम्पनीलाई बुझायो तर गीत हिट भइदिन्छ कलाकारको हातमा शून्यता मिल्छ । कलाकारितामा दशकौं बिताइसकेका कलाकारको भविश्य हेर्दा पनि औषधी किन्ने पैसा नभएर मृत्युबरण गरेका घटनाहरू पनि हाम्रो सामु छ । दाहसंस्कारका लागि दाउरा किन्ने पैसा खोज्नुपर्ने अवस्था पनि धेरैको देखिएको छ । कला छउन्जेल रमाइलो दिँदै हिंड्दा पारिवारिक रूपमा धुजाधुजा भएको जिन्दगी कलाकारको भेटिएको छ । दुई चार दिन चले पनि सधैं चल्नका लागि भने असहज परिस्थिति सिर्जना भएको घटनाहरूले अब सरकारले केही भूमिका खेलिदिएर नीति नियम बनाइदिए हुन्थ्यो भन्नेमा छन् कलाकारहरू । नीति नियम पनि छ तर प्रतिलिपि अधिकारको सदुपयोग गरेर कलाकारले रोयल्टी लिन पनि सकेका छैनन् भने सरकारलाई उचित रूपमा कर तिर्न पनि सकेका छैनन् ।



गीत चल्दा उसको कमाइ कति भयो होला भनेर अनुमान गर्नेहरू उ सडकमा हुँदा के भएर होला भन्ने प्रश्न गर्दै गर्दैनन् हाम्रो समाजले । समाज एकातिर दौडिएको छ कलाकार अर्कै बाटोमा । जुनसुकै भूगोलबाट आएर पनि आफ्नो क्षेत्रको कला संस्कृतिलाई प्रस्तुत गर्दै देशको कलासंस्कृतिलाई धनी बनाउन कलाकार लागिपरेका छन् तर सोचेजस्तो भविश्य नदेखेपछि अन्धकारमय जिन्दगी जीउनुमा नै रमाउनुबाहेक अरू केही छैन । कलाकारितामा लागेर धेरै मनहरू विचलित भएका छन् । धेरै पलायन भएका छन् भने केही आदर्शमा बाँचिरहेका छन् । तर ती आदर्श गर्नेहरूको पारिवारिक जीवन सहज बन्न नसकेको अवस्था पनि छ । भोली के होला, परिवारको भविश्य के होला ? सबैको नमस्कार र तालीले वाही वाही पाउँदा रित्तो गोजी कतिदिनसम्म टिक्छ भन्नेमा धेरै जनाको यात्रा तय भएको छ ।

## राष्ट्रिय भावना बोकेर एकल प्रस्तुतिमा श्रेष्ठ



नेपाली साङ्गीतिक क्षेत्रका लोकप्रिय सङ्गीतकार सन्तोष श्रेष्ठले आफ्नो जन्मभूमि दाङमा राष्ट्रिय भावका गीतहरूको एकल गायन सम्पन्न गरेका छन् । राष्ट्रकवि माधाव घिमिरेको रचना र नातिकजीको सङ्गीतरस्वरमा रहेको 'नेपाली हामी रहौंला कहाँ " डी.बी. महेशको रचना, सङ्गीत र स्वर रहेको 'हे आमा नेपाल तिमीलाई' ' बोलका राष्ट्रिय भावका गीत अग्रज स्रष्टाको सम्मानमा २ वटा गीत साथै आफ्नो प्रकाशोन्मुख एल्बम सुरक्षा भित्र संग्रहित ३ वटा गरि जम्मा ५ वटा राष्ट्रिय भावका गीत गाएका थिए । सुरक्षा भित्र रहेका कालीप्रसाद रिजालको शब्दमा 'सुन हे सुन तन्नेरी हो "दिनेश अधिकारीको शब्दमा 'पूर्व जागौं पश्चिम जागौं " नवराज लम्सालको शब्दमा 'सकिएला संसार छोड्न " बोलका राष्ट्रिय भावका गीतहरू सन्तोषले सुनाउँदा दर्शकहरू भावविह्वल देखिन्थे ।

कार्यक्रममा उपस्थित साहित्यकार डा। नवराज लम्सालले भर्खरै भारतीय आक्रमणबाट गोविन्द गौतमको निधन भएको बेला आयोजना गरिएको यो राष्ट्रिय भावको सांगीतिक साँझलाई 'गोविन्द गौतम सम्मान साँझ' पनि भन्न सकिने बताए । गीत, संगीत र गायनका त्रिवेणी सन्तोष श्रेष्ठ नेपालकै गहना भएको उल्लेख गर्दै उनले राम्रो सङ्गीतकार मात्रै नभएर एक असल नागरिक भएकोले श्रेष्ठलाई प्रोत्साहन दिनुपर्ने बताए । संस्कृतिविद तथा बरिष्ठ संगीतकार बुलु मुकारूङले पनि श्रेष्ठ नेपालकै सम्पत्ति भएको बताए । मुकारूङले यस प्रकारका एकल गायन प्रसस्त भएका छन् तर मिश्रित गीतहरूको गायन भएको पाएका छौं । राष्ट्रिय भावका गीतहरू मात्रै समेटिएको एकल गायन नेपालमै पहिलो पटक भएको उल्लेख गरे ।

राप्ती साहित्य परिषद्का अध्यक्ष पुरूषोत्तम खनालको अध्यक्षता एवं रेडियो नेपालका नायव कार्यकारी निर्देशक श्रीभद्र वाग्लेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा परिषद्का बरिष्ठ उपाध्यक्ष टीकाराम उदासीले स्वागत गरेका थिए । गीतकार प्रकाश केसीले कार्यक्रम सञ्चालन गरेका थिए ।


## प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

**प्रस्तोता समाज नेपाल**
PERFORMERS SOCIETY OF NEPAL (PSN)
अनामनगर, काठमाडौं, फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक



श्रीपुरुष ढकालसँग गीतकारको कथा

# "गीत लेखेर कति पैसा कमाईस् भन्न थाले"

सपनाको त कुनै मुल्य नै हुँदैन । गीत लेखन पनि मेरो सपना हो । जसको कुनै मूल्य म कसरी बताउँ भन्ने अर्थमा यो गीत लेखेको हुँ । २०४२ सालमा लेखेको यो गीत मार्फत मैले सपना, मुटु र मायाको मोल खोज्ने समाजलाई जवाफ दिएको हुँ ।

म सपनाको कुरा गर्छु तिमी आँखाको मोल सोध्छ्यौ
म ढुकढुकीको बयान गर्छु तिमी मुटुको तौल खोज्छ्यौ

तिम्रो परेला भिजेको देख्दा मैले आफ्नो आँखा पुछेको छु
तिम्ले पाएको हरेक चोटमा म दुखेर कराएको छु
म इन्द्रेणीको कुरा गर्छु तिमी आकाशको मोल सोध्छ्यौ
म ढुकढुकीको बयान गर्छु तिमी मुटुको तौल खोज्छ्यौ

तिम्रो बस्तीमा औंसीले टेक्दा मैले अँधेरी रात भोगेको छु
तिम्ले बोलेको हरेक शब्दमा म डुबेर हराएको छु
म भावनाको कुरा गर्छु तिमी मायाको मोल सोध्छ्यौ
म ढुकढुकीको बयान गर्छु तिमी मुटुको तौल खोज्छ्यौ

..........

२०३५ सालमा मैले 'आज भोली मुटु भित्र काउकुती मात्रै लाग्छ' बोलको गीत रेकर्ड गराएको थिएँ । मिरा राणाले गाएको यो गीत त्यो समय यो गीत निक्कै लोकप्रिय बन्न पुग्यो । अहिलेको जस्तो रेडियो टेलिभिजनको जमाना थिएन त्यो । एउटा रेडियो नेपाल बज्थ्यो । रेडियो नेपालमा प्रत्येक दिन यो गीत 'फर्माइस्'मा पर्न थाल्यो । त्यसपछि भेटिने आफन्त र साथी भाइले गीत लेखेर कति पैसा कमाईस भन्न थाले । यो प्रश्नले मलाई निक्कै दिन बिथोल्यो । नमिठो अनुभूति बनेर पछ्याईरह्यो ।

गीत लेखेर गीतकारहरूले अहिले त पैसा कमाउन सकेका छैनन् केहिलाई छाड्ने हो भने । त्यो समय गीत लेखेर पैसा कमाउने त कल्पना नै नगरेको कुरा । त्यो कुराले मलाई झट्ट छोयो । सबै कुरा पैसा त होईन नी भन्ने लाग्यो । यहि विषयलाई केन्द्रमा राखेर एउटा गीत लेखौं भन्ने भयो । अब गीत लेखेर पैसा कमाईदैन भनेर गीत लेख्नुको अर्थ पनि हुन्न । फेरि आफू मायाका गीत लेख्ने गीतकार । त्यसैले त्यहि भावनालाई मैले मायामा ढाले र लेखे 'म सपनाको कुरा गर्छु, तिमी आखाँको मोल सोध्छौं' भनेर । सपनाको त कुनै मुल्य नै हुँदैन । गीत लेखन पनि मेरो सपना हो । जसको कुनै मूल्य म कसरी बताउँ भन्ने अर्थमा यो गीत लेखेको हुँ । २०४२ सालमा लेखेको यो गीत मार्फत मैले सपना, मुटु र मायाको मोल खोज्ने समाजलाई जवाफ दिएको हुँ ।

यो गीत 'मैले सम्झे त के बिराए' भन्ने आफ्नै गीति संग्रहमा निकालेको थिए । २०६०/०६१ सालतिर आलोक श्रीले राती ९ बजे तिर फोन गरे । आलोक त्यो बेला उनको 'उपहार' एल्वमका गीत रेकर्डिङ्का लागि मुम्बई जाँदै थिए । उनले सोही एल्वमका लागि एउटा गीत दिन आग्रह गरे । आलोकसँग त्यतिबेला मेरो 'नुहाउन खोलाभित्र नपस न सानी, तिम्रो शरिर चुम्न पाउँदा बहुलाऊला पानी' बोलको मेरो गीत थियो । मैले उनलाई सोही गीतका बारेमा सम्झाए । उनले ' उपहार' एल्वम उदीत नारायण झाँ सँग गर्दै थिए । आलोकले उदीत अलि "अल्ट्रा मोर्डन" भएको हुनाले २ वटा गीत लान चाहेको बताए । नयाँ गीत लेखेको डायरी अफिसमा थियो । किताबमा रहेछ भने दिन्छु भनेर किताब पल्टाएको त्यहि गीत पल्टियो । पल्टेपछि मैले आलोकलाई सुनाएँ । २ लाईन सुनाको मात्रै थिए बत्ति झ्याप्प गयो । त्यसपछि म मैनबत्ति खोज्न गएँ । सामान कहाँ ठेगानमा हुनु त्यो समय । मैन बत्ति खोजेर बालेर टेलिफोन गर्न अलि समय लाग्यो । त्यसपछि मैले पुरा गीत सुनाए । १५ मिनेट पछि आलोकले मलाई कलब्याक गरेर ट्युन सुनाए । राम्रो भएको रहेछ । मलाई पनि मन पर्‍यो । यो गीतको समय आएको रहेछ ।

त्यसको पर्सिपल्ट आलोक मुम्बई जानु उडे । त्यो बेला आलोकले दुबै गीत लिएर गएका थिए । मेरो चाहना दुबै गीत रेकर्ड होस् भन्ने थियो । अर्को गीत चाहिँ उदितले गाउन मानेनछन् । 'म सपनाको कुरा गर्छु उपहार एल्वममा सबैभन्दा मन पराएर उदितले गाएका हुन् । यो गीत गाउँदा हिन्दुस्थानका बाद्यबाधकहरूलाई उदितले हरेक लाईनमा रोकिएर अर्थ बुझाउँदै गाएको कथा आलोकले रेकर्ड गरेर फर्किएपछि सुनाएका छन् ।

यो गीतको भिडियो अहिलेसम्म बनाएको छैन । भिडियो बिनानै गीत यति मन पराईनु भनेको शब्द, संगीतमा र गायन मै मात्र पनि धेरै शक्ति हुन्छ भन्ने कुराको प्रमाण हो । बनाउने मन पनि छैन् । म आफैंले भिडियो बनाउन सक्दिनँ । भिडियो बनाउँदा आर्थिक भार निक्कै पर्छ । अरूले बनाउँदा मेरो गीतले बोकेको कथाले न्याय नपाउन सक्छ ।

–राधिका अधिकारीसँगको कुराकानीमा आधारित















२०५० साल फागुन ११ स्याङ्जाको निवुवा खर्कमा जन्मिएकी गायिका हुन् सन्जु न्यौपाने । झट्ट हेर्दा नायिका भन्दा कम देखिन्नन् उनी । त्यसैले त उनको स्वर सुन्न नपाएकाहरूले उनलाई नायिकाका लागि कर्म बनाउ भन्ने सुझाव दिन्छन् भने मोडलिङ र अभिनयका लागि पनि अफरहरू आउने गर्दछन् । एक दर्जन जति म्यूजिक भिडियो र टेलिफिल्महरूमा समेत अभिनय गरिसकेकी छिन् भने प्रदर्शनको तयारीमा रहेको चलचित्र 'निर्भय'मा समेत उनले आफ्नो कला कौशल प्रस्तुत गरिसकेकी छिन् । निर्भयमा नायिका निता ढुंगानाको बहिनी भएर चरित्र निर्वाह गरेकी न्यौपानेलाई यस्ता अफरहरू त अनगिन्ती आएको बताउँछिन् । उनी नायिका तथा मोडल सन्जु न्यौपाने नभई गायिका भएर चिनिन चाहन्छिन् । सानैदेखि गीत संगीत भनेपछि भुतुक्क हुने सन्जु २०६८ सालमा एसएलसी दिएर शसस्त्रको जागिरमा जोडिन पुगिन् । अहिले सांगीतिक क्षेत्रमा नै अगाडि बढ्ने सोचले सरकारी जागिर छाडेर गीतसंगीतको क्षेत्रमा क्रियाशील छन् ।

गायिका सन्जु भनेर चिनाउने गीत भने 'डाली नुहेछ, हेर्दा हेर्दै बिहे गर्ने उमेर पुगेछ' हो तर उनले एक दर्जनभन्दा बढी गीतहरू बजारमा ल्याइसकेकी छन् । लोकदोहोरीमा आफ्नो करिअरलाई समर्पण गर्दै आएकी सन्जुले यो क्षेत्रलाई कहिल्यै छाड्न नसक्ने बताउँछिन् ।



वर्ष १, अंक ११, २०७३ चैत १६

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

**सन्जु न्यौपाने, गायिका**

तस्वीरः शिवलाल श्रेष्ठ

तस्विर स्टुडियो, बागबजार

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

# विदेशयात्रामा दर्पणछायाँ-२



**म्यूजिकखबर** । केही समय पहिला प्रदर्शनमा आएको चलचित्र दर्पण छायाँ २ अब भने विदेशमा प्रदर्शन हुने भएको छ । दर्पणछायाँको सफलताको पदचाप पछ्याउँदै धेरैपछि निर्देशक तुलसी घिमिरेले दर्पणछायाँ २ निर्देशन गरेका थिए । अहिलेपनि नेपालभरका आधा दर्जन बढि हलमा प्रदर्शनरत चलचित्रको शोहरू विदेशमा हुने भएको हो । नेपाल प्रदर्शनपछि अमेरिका प्रस्थान गरेकी निर्मात्री सवु गडाल कार्कीले अप्रिल महिनाबाट अमेरिकाका विभिन्न शहरमा 'दर्पण छायाँ २' प्रदर्शन हुने बताएकी छन् ।

यूरोपका बेल्जियम, हल्याण्ड (नेदरल्याण्ड), जर्मनी, स्पेन, डेनमार्कसँगै लण्डनका विभिन्न शहरमा समेत फिल्मको प्रदर्शनी हुनेछ । यूरोपका विभिन्न देशमा हुने 'शो'हरूमा निर्माण टिमका सदस्य समेत उपस्थित हुने बताईएको छ भने अमेरिकामा हुने शो हरूमा भने निर्मात्री सबुसँगै अर्का निर्माता रबी कार्की अनि डेब्यू अभिनेत्री साहारा कार्की समेत उपस्थित हुनेछिन् । सांगितिक प्रेमकथा बोल्ने फिल्ममा पुष्प खड्का, सहारा कार्की, श्रद्धा प्रसाईं, फिरोज तिमिल्सिना, जीवन, सेर बहादुर, सुमन लगायत लिड अभिनय छ । फिल्मले अग्रज अनि श्रष्टाको सम्मानमा उठाएको विषयवस्तुलाई धेरैले तारिफ गरेका छन् ।

# ए मेरो हजुर २ को गीत चर्चामा



चलचित्र ए मेरो हजुर २ को शीर्ष गीतसँगै त्यसमा फिचरिङ गर्ने कलाकारको पनि अभिनयको तारिफ मिलेको छ । झरना थापाको डेब्यू निर्देशकिय फिल्मको गीतमा फिचरिङमा रहेका साम्राज्ञी राज्य लक्ष्मी शाह र डेब्यू अभिनेता सलिनमान बानियाँले ए मेरो हजुरको अभिनयमा तारिफ भेटेका छन् । बोल्ड अनि ग्ल्यामर अबतारमा देखिएकी साम्राज्ञी र सलिनमानमा पनि अभिनयमा धेरैले आशाको नजर पोखेका छन् ।

सुहाना ईन्टरटेन्मेन्ट अनि सुनिल कुमार थापा प्रोडक्शनको तर्फबाट निर्माण भएको फिल्म भदौ १६ मा रिलिज हुने घोषणा गरिएको छ । पहिलो रिलिज गीतप्रति दर्शकले देखाएको उत्सुकता र तारिफ अनि अभिनेत्री झरनाको डेब्यू निर्देशनमा गरिएको आशाले नै फिल्मलाई प्रतिच्छित बनाएको छ । फिल्मको कथा हरिहर अधिकारीको हो भने पटकथा लेखनमा हरिहरसँग सामिप्यराज तिमिल्सेनाले साझेदारी गरेका छन् ।

# वर्षा र कालिप्रसाद वर्षको उत्कृष्ट

**म्यूजिकखबर** । संगीतकार कालिप्रसाद बास्कोटा र नायिका बर्षा राउत वर्षको उत्कृष्ट वर्ष व्यक्तिका रूपमा घोषित भएका छन् । फिल्मीखबर साप्ताहिकले आफ्नो स्थापनाको ८ औं वार्षिकोत्सवको अवसरमा संगीतकार कालिप्रसाद बास्कोटा र अभिनेत्री वर्षा राउतलाई 'फिल्मीखबर वर्ष व्यक्ति' बाट सम्मान गरेको छ । चलचित्र नाई नभन्नू ल ४ बाट डेब्यु गरेकी नायिका बर्षाले 'छक्का पन्जा', 'जात्रा' चलचित्रमा काम गरिसकेकी छिन् । मोडलिङ हुँदै चलचित्रमा प्रवेश गरेकी राउतले तीन चलचित्रमा काम गरिन् भने तीनै चलचित्र सफल पनि भए । यस्तै लामो समयदेखि संगीत दिँदै आएका संगीतकार कालीप्रसाद बास्कोटाका गीतहरू पछिल्ला समयका हिट भएका छन् । रेशम फिलिली, पुरानो डुङ्गा, लुट- २ र साइली जस्ता चर्चित गीतहरूमा संगीत स्वर दिएका छन् । सोहि अवसरमा चलचित्र पत्रकार संघको चुनावमा अत्याधिक मतले उपाध्यक्ष पदमा विजयी भएकी गीता अधिकारीलाई सम्मान गरिएको थियो ।




कार्यक्रममा प्रमुख अतिथिको नेपाली कांग्रेसका नेता तथा वनमन्त्री शंकर भण्डारीले चलचित्र क्षेत्रलाई आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने तथा तत्काले स्टुडियो बनाउन पहल गर्ने बताएका थिए । उनले चलचित्र उद्योगका लागि आफूले सकेको पहल गर्ने बताएका थिए ।



प्रविशा प्रकाशनका अध्यक्ष प्रदीपकुमार उदयको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपस्थित अतिथिहरूलाई स्वागत गर्दै पत्रिकाका सम्पादक शान्तिप्रियले पत्रिकाले ८औं वर्षसम्म गरेको आरोह अवरोहको बारेमा बताउँदै चलचित्र उद्योगको एकमात्र पत्रिकाको रूपमा परिचित रहेको फिल्मीखबर साप्ताहिकको निरन्तरताको इतिहासबा बारेमा प्रष्ट पारेका थिए । चलचित्र उद्योगसँगै पत्रिकाको पनि भोलिको भविश्य जोडिएको बताउँदै उद्योगलाई अझ मजबुत बनाउनुपर्ने शान्तिप्रियले बताएका थिए ।

सम्मान पाएपछि संगीतकार कालिप्रसादले आफ्ना चर्चित गीत गाएर सुनाए भने अभिनेत्री वर्षा राउतले सम्मानले आफूलाई अझै उर्जा मिलेको बताएकी थिइन् । त्यसैगरी राप्रपाकी केन्द्रीय सदस्य एवं नायिका रेखा थापाले पत्रिका नेपाली चलचित्र क्षेत्रका लागि फलदायी भएको बताइन् । आकाश अधिकारी, सन्दीप सापकोटा, प्रकाश सुबेदी लगायतले चलचित्र र रंग पत्रकारको सम्बन्धका बिषयमा आ-आफ्नो बिचार राखेका थिए ।

# पोस्टर सार्वजनिक गर्दैं मन्दिरा, असार २ बाट प्रदर्शन

**म्यूजिक खबर**

नेपाली कथानक चलचित्र 'मन्दिरा' को फस्ट लुक सार्वजनिक गर्दै आउँदो असार २ गते देखि प्रदर्शनमा आउने बताइएको छ । पत्रकार सम्मेलनको आयोजना गरि 'मन्दिरा'को फस्ट लुक र रिलिज मिति सार्वजनिक गरिएको हो । दिपेश सापकोटाको लेखन तथा निर्देशन रहेको चलचित्र सस्पेनस ड्रामा रहेको निर्देशक सापकोटाले बताए । चलचित्र कुनै पनि लोकेसनमा नभइ एकै घरबाट सुरू भइ एकै घरको कोठामा सकाइएको सापकोटाले बताए । चलचित्रलाई आफुले सकेसम्म उत्कृष्ण बनाउने कोशिस गरेको दावी गर्दै निर्देशक सापकोटाले सबैलाई हलमा गएर चलचित्र हेरेर जस्तो लाग्छ त्यस्तै प्रतिक्रिया दिन आग्रह गरे । कार्यक्रममा उपस्थित चलचित्र निर्माता संघको अध्यक्ष आकाश अधिकारी, चलचित्र संघ अध्यक्ष प्रदिप उदय, निर्देशक समाजको अध्यक्ष सुचित्रा श्रेष्ठ लगायतले मन्तब्य दिदैं चलचित्रको सफलताको शुभकामना दिएका थिए । कार्यक्रममा बोल्दै निर्देशक समाजकी अध्यक्ष सुचित्रा श्रेष्ठले विगतमा नारी प्रधान भनि प्रचार-प्रसार गरिएका चलचित्रहरूले नारीका दुःख वेदनालाई चलचित्रहरूमा उतारी नारीहरूलाई शासित वर्गको रूपमा मात्रै प्रस्तुत




गरेकोले 'मन्दिरा' ले त्यस भन्दा फरक समाज विकासमा महिलाको सकारात्मक भूमिका के हो भनेर देखाउने आशा व्यक्त गरिन् ।

चलचित्रको बारेमा बोल्दै निर्माता निर्देशक एवं कार्यक्रमका प्रमुख अतिथि आकाश अधिकारीले नवकलाकार नै भोलीको पुरानो अर्थात पाको कलाकार हुने भएकाले सबैले नयाँको कलालाई हेरेर हौसला दिन अग्रह गरे । अधिकारीले नेपाली चलचित्रको वृद्धि र विकासका लागि सबै एक भएर लाग्नु पर्ने समेत बताए । आफ्नो मन्तब्य राख्ने क्रममा अधिकारीले 'मन्दिरा' लाई शुभकामना दिए ।

चलचित्रलाई करूणा अर्याल र उज्वल अर्यालले निर्माण गरेका हुन । हरि भट्टको प्रस्तुती रहेको चलचित्र 'मन्दिरा' मा सन्तोष सेढाई सह निर्माता हुन् । चलचित्रमा नरेन खड्का, बिनि पोखरेली, जे. बि. डि. सी., प्रवन भुसाल, बिनिता ओली, राजन ढुंगाना, लक्ष्मी बस्नेतको मुख्य भूमिका रहेको छ । सुसन प्रजापतिको छायांकन रहेको चलचित्रमा देव कोइमी राइको संगीत, दयाराम पाण्डेको शब्द, अर्जुन बि. सी. को करियोग्राफी, अष्ट महर्जनको द्वन्द, उज्ज्वल ढकालको सम्पादन, पाश्वसंगीत बिकम काकी बिमल धमला प्रोडक्सन म्यनाजेर रहेको छ । 'मन्दिरा' को पटकथा तथा सम्बाद अजित लामिछानेले लेखेका हुन् ।




एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# स्रोताको मायाले जीउन सिकाएको छ



२०५२ सालबाट आफूलाई  गायनको यात्रामा प्रवेश गराएका कृष्ण रेउलेको सल्यानदेखि काठमाडौंसम्मको यात्रामा धेरै उतार चढाव आएका छन् । सल्यानको शारदा नगरपालिका अर्थात् खलङ्गा १ मा २०३८ साल भदौ १ गते जन्मिएका रेउलेले वातावरण दिवसमा रेडियो नेपालमा आयोजना हुने कार्यक्रम र चौतारी कार्यक्रमबाट स्वरलाई रेडियोको तरङ्गमा फैलाउन सफल भएका थिए । २०५५ सालमा रेडियो नेपालबाट स्वर परीक्षा पास गरेर गायनको औपचारिकतातर्फ लागेका थिए उनी । सल्यानबाट झरेको माया बोलको गीतबाट आफ्नो स्वर परीक्षा दिएका गायक रेउलेले वर्तमान परिवेश कलाकारको भोलिको भविश्य अन्यौलतामा रहेको बताउँछन् । गायक रेउलेको भोगाइमा समग्र कलाकारको जिन्दगीका बारेमा म्यूजिकखबरका लागि प्रधानसम्पादक सुमन पण्डितसँगको कुराकानी:

**कृष्ण रेउले, गायक**
**प्रशासकीय सचिव, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल**

***पहिलोपटक गीत गाइसकेपछ्छिको अनुभव कस्तो रह्यो ?***

चौतारी कार्यक्रममा गीत गाएर गाउँ फर्किंदाको अनुभव भन्ने हो भने त गाउँमा आँगनमा रेडियो ठूलो साउन्डमा बजाएर गाउँभरिका मान्छेले सुनिरहेको अवस्था हुन्थ्यो । रेडियो नेपाल मात्र संचारको साधन थियो गीत गाउनेका लागि । त्यतिबेला रेडियोको महत्वजस्तो अहिले भइदिएको भए भन्ने लाग्छ । त्यतिबेलाको समयमा ठूलो कलाकार भइएछ जस्तो लाग्थ्यो ।

***परिवारबाट गीत गाउनु राम्रो होइन भनेर कुनै अवरोध आयो कि आएन ?***

परिवारबाट त्यस्तो केही अवरोध भएन । बरू म मेरी आमाकोको प्रेरणाले यहाँसम्म आइपुगेको हुँ । आमा गाउँमा हुने भजनकीर्तन, पूजाआजामा गीत गाउनुहुन्थ्यो । मिठो आवाज लाग्थ्यो आमाले गाएको गीत सुन्दा । त्यही हुँदा मेरो गायनको यात्रालाई सहज बाटा मिल्यो । पहिलोचोटी गीत गाएर गाउँ फर्किंदा खुशी हुनुहुन्थ्यो सबै परिवार । मेरो सपना नै गायनतिर लाग्ने नै थियो, परिवारको पूर्ण साथ पाएँ ।

***गायनमा लागेको दुई दशक पुगिसक्दा कतै गल्ती गरिएछ्छ की जस्तो लाग्छ कि लाग्दैन ?***

आत्मसन्तुष्टि हो मुख्य कुरा । दर्शकको मायाले अहिलेसम्म टिकेको छु, खुशी छु । तर हरेक क्षेत्रमा बाधा अड्चन हुन्छ । नेपालको सन्दर्भको कुरा गरौं भने त यो गरिखानेको भन्दा पनि गराइ खानेको देश भएको छ जस्तो लाग्छ । यहाँ स्वर नभएका मान्छे गायक भए, पैसा भएका ठूला कलाकार भए । पैसा लगानी गरेर धेरै गीत बजाउँदा चर्चित कलाकार भए तर संगीतको सुर बुझेर गीतसंगीतको विषयलाई केही बुझेर मेहनत गर्दै आएका स्रष्टाहरू चाहिँ पछाडि परिरहेको अवस्था छ अहिले । इमान्दारीपूर्वक संघर्ष र मेहनत गर्नेहरूको यहाँ ठाउँ हराउँदै गएको देख्दा गल्ती गरियो की भन्ने पनि लाग्ने गर्छ कहिलेकाहीँ ।

***भनेपछ्छि ठीक बाटोमा यात्रा छैन जस्तो लाग्छ होइन त ?***

समग्र गीतसंगीत क्षेत्र हेर्दा त्यस्तो पनि लाग्छ । विकृति धेरै भित्रियो, हामी हुँदा खाने भयौं अरू हुनेखाने भए । गीत संगीतमा ठेक्कापट्टा चल्न थाल्यो । जसले गर्दा मुलुकभित्र हुने महोत्सवमा चलेका भन्दा पनि चलाइएकाको बर्चश्व भयो । गलत मान्छेको हावी हुँदा हामीजस्ता धेरै कलाकारहरूलाई असर परेको छ । चाप्लुसी बढ्दै जाँदा इमान्दारिता र क्षमता पछाडि पर्‍यो । २० वर्ष भनेको चानचुने कुरा होइन । खाडीमै गएको भए पनि भौतिक सम्पत्ति कमाइन्थ्यो होला तर स्रोताको मायाले जीउन सिकाएको छ । हाम्रो जिन्दगी भनेको अन्धकारतर्फ नै देख्छु । सेफल्यान्डिङ खोज्नु जरूरी छ ।

***भनेपछ्छि कलाकारको जिन्दगी पीडादायी छ भन्ने बुझ्नुपर्‍यो सबैले ?***

मुलुक आफैंमा दयनीय अवस्थामा छ । यहाँ कपाल फुलाएर राजनीति गर्नेहरू कोही सम्पन्नशाली छन् त कोही सिटामोल किन्न नपाउने अवस्थामा छन् । सत्तालाई सम्पत्तिमा बदल्नेहरू धेरै छन् । त्यस्तै परिपाटी कलाकारितामा पनि छ । चलेका केही कलाकार हरूलाई राम्रै छ । कलाकारले पनि चलेको समयलाई सदपयोग गरेर जीवन सुदृढ बनाउनुपर्छ ।  स्वतन्त्र प्रतिस्पर्धा र क्षमताको कदर भएन भने सभ्य समाजको निर्माण हुँदैन त्यो दिनको पर्खाइमा छु । कलाकारको जिन्दगी धेरैजसो पीडाभित्र नै गुम्सिएको देखिन्छ ।

***दोहोरी साँझमा काम गर्नुहुन्छ कस्तो छ कलाकारको दोहोरीको रात्री जिन्दगी ?***

त्यो एउटा गीतसँग व्यवसाय गर्नका लागि खोलिएका हो । कलाकारको कला बिक्री गर्दै रेष्टुरेन्टको व्यापार गरिएको हो । त्यहाँ कलाकारको जिन्दगी भनेको पहिला सम्मानबाट पाहुना छिर्नुहुन्छ त्यसपछि अपमान गर्दै निस्कनुहुन्छ । हजुर भन्दै छिरेको पाहुना मदिराले मातेपछि तँ भन्न थाल्नुहुन्छ । हामी भन्दा पनि महिला कलाकारको राम्रो इज्जत गरिदिए हुन्थ्यो भन्ने लाग्छ ।

***कलाकार नै पाहुनाको टेबल टेबल चाहर्दाको परिणाम यस्तो भएको भन्ने पनि छ नि ?***

त्यो पनि एउटा उदाहरण होला । तर दोहोरी पनि संख्यात्मक रूपमा बृद्धि भयो । बारमा काम गर्नेहरू कलाकार हुन थाले । तिनीहरूले गर्दा असली कलाकारमाथि दाग लागेको हो । गायिकाहरू पाहुनाको टेबलमा जानु हुन्न त्यो सही हो । स्टेजमा मात्र बसेर गाउन थालियो भने सभ्य संस्कारको सुरूवात हुन्छ । तर धेरै पाहुनाहरू नै सुरा सुन्दरीका लागि दोहोरी प्रवेश गरिरहेको अवस्था हुन्छ । गुन्यू चोली, दौरा सुरूवालमा सजिएको नेपाली कलाकारको समूह हुन्छ दोहोरीमा, सबैभन्दा पारिवारिक ठाउँ पनि दोहोरी नै हो भन्ने लाग्छ ।

***गीतसंगीतको बजार हेर्दा त सभ्य समाज निर्माण होला जस्तो छैन नि ?***

होइन त्यो त एक किसिमको फ्रस्टेशनबाट निस्किएको भावना हो कि जस्तो पनि लाग्छ । सस्तो लोकप्रियता कमाउने माध्यम पनि होला । तर विकृति हुनु राम्रो पक्कै होइन । सभ्य समाज निर्माणमा असभ्यता पस्किनु भनेको गुजारा चलाउने माध्यम मात्रै होला । यसलाई व्यवस्थापन, नियमन गर्ने राज्यको कानून कडा हुनुपर्‍यो । यहाँ त चोक चोकमा कलाकार भए, स्टुडियो भए । अटोट्यून धेरै चल्न थाल्यो । देखाएर चल्नेहरू पनि उत्तिकै छन् । तिनीहरूबाट सभ्य समाज निर्माण हुनेभन्दा पनि कलाकारिताबाटै भल्गरता पस्किने काम हुन्छ जस्तो लाग्छ । यहाँ कानून, नीति नियम केही छैन ।

***यति धेरै विकृति भयो भन्दै गर्दा लोक तथा दोहोरी गीत प्रतिष्ठान चाहिँ के हेरिरहेको गर्छ ?***

विकृतिको विरूद्ध त राज्य लाग्नुपर्‍यो नि ! प्रतिष्ठानलाई कारवाही गर्ने पूर्ण अधिकार त दिएको छैन । हामी त खबरदारी गर्ने हो, गर्न हुन्न भन्ने हो । विकृति गर्नेहरूलाई राज्यले कुनै मापदण्ड बनाएर कारवाहीको प्रक्रियामा लैजानुपर्छ नि । यहाँ जस्ता पाए त्यस्तै कलाकारको नाममा कलंक भित्रिरहेका छन् अब यसका लागि एउटा सेन्सर बोर्ड राज्यले खडा गरिदिनुपर्ने अवस्था छ ।

***प्रतिष्ठानको विधानमा गीतसंगीतमा विकृति ल्याउन नदिने, ल्याउनेलाई कारवाही गर्ने भन्ने उल्लेख त होला नि ?***

प्रतिष्ठानको सदस्य बन्दा पो त्यसलाई कारवाही गर्न सजिलो होला तर हाम्रो सदस्य नबन्नेहरूका लागि कसरी बोल्ने । अर्काको स्वतन्त्रतामाथि हामीले हस्तक्षेप गर्ने अधिकार छैन । आफू आफैंमा सभ्य हुन जान्नुपर्छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालले विकृतिविरूद्धको अभियानमा धेरै काम गरिरहेका छौं । तर पूर्ण कारवाही गर्ने अधिकार दिनुपर्‍या कि सेन्सर बोर्ड खडा गरिदिनुपर्‍यो नि ।

***राज्यसँग मागिरहँदा हामीले राज्यलाई चाहिँ के दिएका छौं जस्तो लाग्दैन ?***

हामी सबै कार्यसमितिका पदाधिकारीहरूले निर्णय पनि गरेका छौं अब व्यक्तिगत रूपमा कलाकारले पान लिने । अब हामीले बुझाएको करअनुसार कलाकारको हकअधिकारका लागि, सेवा सुविधाका लागि राज्यले के गर्छ । त्यो कर भ्रष्टाचारमा लगानी हुन्छ कि राज्यका लागि सदुपयोग हुन्छ ? कला संस्कृतिको क्षेत्रमा कस्तो मापदण्ड तयार हुन्छ ? सेन्सर बोर्ड, सुरक्षा भत्ता, कलाकारको परिचय पत्र लगायतका कार्य सरकारले गर्छ कि गर्दैन ? राज्यलाई हामीले कम्पनीको तर्फबाट त कर बुझाइरहेका छौं अब कलाकारको व्यक्तिगत तर्फबाट पनि कर बुझाउने तयारीमा छौं ।

***कलाकारको भविश्य कस्तो देख्नुभएको छ ?***

हामी पाखुरामा तागत हुँदा त जसरी पनि गरिन्छ, राज्यलाई पनि बुझाइएला तर भोलिको भविश्य अन्धकार देखिरहेको अवस्थामा कलाकारको जिन्दगी कस्तो हुँदैछ भन्ने अब राज्यसँग सोधिरहेका छौं । राष्ट्रको गहना भनेर कलाकारलाई भनिँदै गर्दा उपचार नपाएर छटपटाएको दिन र दाहसंस्कारका लागि दाउरा किन्ने पैसा उठाउनु पर्ने दिन नआओस् । हामीले कुनै पनि भूगोलको विशेषका रूपमा नेपाली कला संस्कृति नै प्रस्तुत गरिरहेका छौं, देशकै कला संस्कृतिमा हामीले योगदान दिइरहेका छौं । हामी पशुसरहको जिन्दगी जिइरहेका छौं, यहाँ मानवता छैन । तर राज्यले अहिलेसम्म हाम्रा लागि केही दिएको छैन । यहाँ कानून पनि किनेर ठूलाले सानोमाथि सत्ता चलाइरहेको मुलुक हो, अब त्यस्तो दिनको आशा नगरौं । विकास होस्, सबै क्षेत्रको नीति नियम लागू होस् र सभ्य समाज निर्माण होस्, बल्ल हाम्रो भविश्यले नयाँ मार्ग पाउनेछ ।

***संख्यात्मक रुपमा गीतसंगीतको बृद्धि भयो तर गुणस्तरीय गीतसंगीत कम उत्पादन भए जस्तो लाग्दैन ?***

हो, यसकै उपजमा हामी प्रतिभा भएकाहरू पछाडि परिरहेका छौं अहिले । कुनै पनि कला नभएको मान्छे पैसा बोकेर यहाँ भित्रिरहेको छ, उसलाई अटोट्यून चलाएर चर्चित गायक बनाइदिने धेरै स्टुडियो, संगीतकर्मीहरू छौं हामी । आधारभूत आवश्यकता पूर्ति गर्ने बहनामा पैसालाई कलासँग साटिरहेका छौं । पैसा हुने मात्र टीभी, रेडियो, पत्रपत्रिका सबैतिर देखिइरहेको हुन्छ तर कला हुनेको कला बिक्री नभएको अवस्था छ । टीभीतिर हेरेर मेला महोत्सवमा बोलाइन्छ तर स्टेजमा पुग्दा स्वर र सुर कता जान्छ तैपनि उही चर्चित हुन्छ । गीतसंगीतको संख्या बढ्यो तर गुणस्तर बढ्न सकेन ।

***विभिन्न जिल्लामा मेला महोत्सव त प्रतिष्ठानको ठेक्का पट्टाभित्र चलिरहेको छ रे नि ?***

यो कुरामा म सहमत छैन । यदि प्रतिष्ठानको ठेक्का पट्टामा महोत्सवहरू चल्थे भने मलाई तपाईंले भेट्न पाउनुहुन्थेन अझै विभिन्न जिल्लामा महोत्सव चलिरहेका छन् । म प्रतिष्ठानको प्रशासकीय सचिवका हैसियतले बोलिरहँदा विभिन्न जिल्लाका प्रतिष्ठानका शाखाहरूले समन्वय गरेका होलान्, त्यहाँ केही जिम्मेवारी लिएर महोत्सवमा हालीमुहाली चाहिँ गरेका होलान् । त्यो अनुसार प्रतिष्ठानको केन्द्रबाट केही अतिथिका लागि बोलाइएका होलान् । हरेक संस्थामा केही पदको दुरूपयोग गर्ने व्यक्ति त भइ नै हाल्छन्, तिनीहरूलाई उदाहरणमा लिएर पुरै संस्थालाई नकारात्मक बनाउन मिल्दैन ।

## गायक नविन पौडेललाइ नूरगंगा पुरस्कार




नुर गंगा प्रतिभा पुरस्कार गुठीले लोक गायक नविन पौडेललाई नगद रू ३० हजार राशीसहित नूरगंगा प्रतिभा पुरस्कार प्रदान गरेको छ । लुम्बिनी अञ्चलको प्रतिनिधित्व गर्दै लोक संगीतमा योग्दान पुर्‍याए बापत नूरगंगा प्रतिभा राष्ट्रिय पुरस्कारबाट सम्मान प्रदान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथी पूर्व प्रधानमन्त्री एबम् साहित्यकार लोकेन्द्र बहादुर चन्द र संस्थाका संरक्षक अमिर प्रताप जबराले ताम्रपत्र र नगदद्वारा सम्मान गरेका थिए । गायक पौडेल करिब २ दशकदेखि नेपाली लोक संगीतमा सक्रिय कलाकार हुन् । समाजका कुरीति बिसंगती घटना परिघटना यर्थाथ परक कुराहरूलाइ जस्ताको त्यस्तै गीतमा उतार्न माहिर नबिनले यस अघि दर्जनौ गीतहरू बजारमा ल्याएका छन् । 'यूवा पलायन भैदिएभने देश धान्ने कल्ले हो राज्यले बुझोस यो देश धान्ने यूवाकै बलले हो, हरेक जात जाति छौ नानाथरि मिलेर बसौ यहि जन्मभूमि छ स्वर्गसरी' नेपालको मेचिदेखि महाकालीसम्मका स्रोतालाई मन पर्ने गीत हो नवीनको ।

'के सम्झनु छर जान्न मत त्यो घर ' 'यस्तै हुन्छ भन्नेभा' 'म परैं पाल्पाको' 'दुखका दिन गए' 'नयाँ पार्टी खोल्छु' लगायतका चर्चित गीत गायर उनले स्टेजमा गइसकेपछि सबैको वाह वाह पाउछन् र छमछमी नचाउँछन् । नेपालमा मात्र होइन विदेशमा गएर पनि त्यहा रहेका नेपालीहरूको मन जितिसकेका छन् ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक




# स्रष्टाले आफ्नो खुट्टामा आफैं बन्चरो हाने

**सुमन पण्डित/म्यूजिक खबर**

झलक संगीतम् संगीतको एउटा विद्यार्थी हुन् । लोकगायकको परिचय बोकेर सांगीतिक क्षेत्रमा उदाएका उनले काठमाडौंमा घर, सोल्टिनीलाई बैना मारूकी लगायतका दर्जनौं हिट गीत दिए । संगीतको आरोह अवरोहमा उनको नाम लोकगायकै रूपमा स्थापित थियो । आधुनिक गीतसंगीतमा पनि उनले राम्रो प्रगति गरेका छन् । बाचा आधुनिक एल्बमबाट गायन र एल्बमको अवार्डसमेत चुमिसकेका उनले आफ्नो सुरूवात लोकगीत भए पनि आधुनिक गायनलाई पनि मजबुत बनाएका छन् । संगीतको संघर्षमा उनले कहिले गायक भए, कहिले शब्द संकलक त कहिले एरेन्जरका रूपमा पनि देखिए । यतिबेला 'सम्पूर्ण सिर्जना एउटै छाता मुनी' भन्ने नाराका साथ अघि बढिरहेका छन् । आलाप रेकर्डिङ स्टुडियो संचालन गरिरहेका झलक संगीतम् स्टुडियो मात्र होइन एरेन्जको सम्पूर्ण काम, अडियो भिडियो उत्पादन तथा प्रमोशन लगायतका कामहरूमा व्यस्त छन् ।

गायक र व्यवसायी हुनुमा कस्तो फरक पाउनुभयो भन्नेमा संगीतम् भन्छन्  यो त मानिसको दृष्टिकोणमा फरक पर्ने कुरा हो । पहिला नि संगीतमै थिएँ र अहिले पनि संगीतमै छु । तर पहिला पर्दा अगाडि देखिँदा धेरैले चिन्थे अहिले पर्दा पछाडि रहेर संगीतकै काम गरिरहेको छु । पहिला गायक हुँदा पैसा थिएन, खाना नखाएर कपडा किनेर लाउनु पर्ने अवस्था थियो । किनकी बाहिर हेर्दा गायक हो भन्ने कुरामा ध्यान दिनुपर्ने थियो तर भोकभोकै गायक भएर हिडिन्थ्यो । त्यसले गर्दा हाम्रो गायन पक्ष कमजोर भयो । तर अहिले व्यवसाय गरेको छु, त्यसमा सन्तुष्ट पनि छु । संगीतको व्यवसायमा मैले गीत रेकर्डिङ, नयाँ नयाँ सिर्जना, एरेन्जको काम, संगीतको काम गरिरहेको छु ।

पुरानो अनुभव साट्दै संगीतमले भने कलाकारको लगानीलाई कम्पनीले बेच्ने प्रचलन त्यतिबेलादेखिकै हो । सही व्यवस्थापन थिएन, हामी लगानी गरेर कम्पनीलाई दिन्थ्यौं उनीहरूले बेचेर खान्थे हामीलाई दिन कन्जुस्याईं गर्थे । संगीतको जगेर्ना गर्न भनेर उनीहरू आएका थिएनन् त्यसैले स्रष्टा मरिरहेको हुन्थ्यो । स्रष्टा रहे कम्पनी रहन्छ भन्ने नहुँदा हामीमा उपलब्धी शून्य भयो । त्यसपछि प्रविधिको विकास भयो तर प्रविधि अनुसार हामी चल्न सकेनौं । बिक्री हुन्छ तर बिक्री हुने माध्यम छैन । सिआरबीटी पिआरबीटी जस्तो प्रविधिको माध्यम आयो तर कम्पनीले चोरे, कमाए लुटिखाए, जसका कारण अहिले बन्द नै भयो । स्रष्टाले बुझेनन् र आफ्नो खुट्टामा आफैं बन्चरो हाने ।

संगीतम्का पुराना दिन सम्झिँदै गर्दा हामी अब सक्षम हुने बाटोमा लाग्दै गर्दा व्यवसायी बनिएको हो । पछिल्लो समय प्रविधिले फड्को मारिरहँदा संगीतम् पनि प्रविधिसँगै रमाउन थालेका हुन् । हामी प्रविधि अनुसार चल्नुपर्छ । प्रविधिले गर्दा धेरै विकास भएको छ । पहिला लाइभ गाउनुपर्थ्यो, वान टेकमा काम सक्नुपर्थ्यो तर अहिले सयौ टेक खाएर पनि गायक बनेका छन् । सुरतालसमेत प्रविधिले मिलाइदिएको छ । त्यस्तै यूट्यूबलाई सही सदुपयोग गरेर किनेर हेर्ने वातावरण बनाउनु पर्‍यो । विदेशीले कलाकार बचाए, कलाको सम्मान गरे र उनीहरूको जति कलाकार भए पनि चर्चामा नै रहे । तर हामी रहरमा आयौं र कम्पनी मोटाउने काम गर्‍यौं । तर म पनि व्यवसायी भएको छु, व्यवसाय गर्छु तर नहुने काम गर्दिनँ ।

पछिल्लो समय संगीतमा देखिएको विकृतिप्रति भने उनलाई चिन्ता छ । संगीतमा ग्ल्यामर हुन्छ तर भल्गार हुँदैन । छाडापन ल्याएर संगीत बिगार्ने काम भएको छ तर त्यसलाई हामीले रोक्नुपर्छ । राम्रा गीतसंगीत पनि चलेका उदाहरण छन् । हामीले राम्रोलाई प्रोत्साहन गर्नुपर्छ । हामीले एक दुई वटा छाडापनका गीतहरूलाई रोक्न सक्नुपर्छ । नाङ्गोपनले पैसा कमाइएला तर इज्जत कमाउन सकिँदैन भन्नेमा उनी विश्वस्त छन् ।

मान्छेको अनुहार हेरेर पहिचान गरिन्छ तर मैले गायन छाडेको छैन । म गायक हुँ, गाउनु पर्छ र गाउँछु । पछिल्लो समय बाँच्ने कामका लागि व्यवसायतर्फ उन्मुख भएको छु । अडियो भिडियोदेखि रेकर्डिङ, एरेन्जको काम सबै आलाप रकेर्डिङ भित्र नै हुन्छ । मेरो भविश्यको एउटा योजना भनेको लोकसंगीतमा एउटा स्कुल हुनुपर्छ । जुन स्कुलले धेरै वाद्यवादन, गायक गायिकालाई शिक्षा दिन सकोस् र लोकसंगीतको जगेर्ना होस् । उदाहरणको रूपमा अहिले सनई बनाउने बल बहादुर जैरू मात्र हुनुहुन्छ उहाँको पछाडि आउने को भन्ने चिन्ता लोकसंगीतमा खड्किएको छ । एउटा गायक बन्न २० जनाको लगानी हुन्छ तर गायक मात्र पर्दामा देखिँदा ती बाद्यवादक, संगीतकार, गीतकार, एरेन्जर सबै पर्दा पछाडि परेका छन् ।

हामी बोलेर होइन गरेर देखाउनु पर्छ । हामी अरूको कुरा गरेर समय बर्बाद पार्नुभन्दा आफ्नो काम गरेर समयको सदुपयोग गर्नुपर्छ । समय अनुसार चल्न सक्नुपर्छ । मैले संचालन गरेको आलाप रेकर्डिङ स्टुडियोबाट संगीतका सम्पूर्ण कामहरू गरिरहेको छ । अडियो भिडियो, संगीत, एरेन्जदेखि प्रचार प्रसारसम्मका सबै काम एउटै छानामुनी हुन्छ । म एउटा संगीतको व्यवसायी पनि हुँ तर व्यवसाय गर्छु भन्दै अरूलाई मर्का पार्ने काम गर्दिनँ । म मेरो परिश्रमको मूल्य लिएर मात्र काम गर्छु ।

पर्दा अगाडि देखिँदा धेरैले चिन्थे अहिले पर्दा पछाडि रहेर संगीतकै काम गरिरहेको छु । पहिला गायक हुँदा पैसा थिएन, खाना नखाएर कपडा किनेर लाउनु पर्ने अवस्था थियो । किनकी बाहिर हेर्दा गायक हो भन्ने कुरामा ध्यान दिनुपर्ने थियो तर भोकभोकै गायक भएर हिडिन्थ्यो । त्यसले गर्दा हाम्रो गायन पक्ष कमजोर भयो । तर अहिले व्यवसाय गरेको छु, त्यसमा सन्तुष्ट पनि छु । संगीतको व्यवसायमा मैले गीत रेकर्डिङ, नयाँ नयाँ सिर्जना, एरेन्जको काम, संगीतको काम गरिरहेको छु ।


सिस्टमको विकास गर्नुपर्छ । हामीकहाँ संगीतकै विकासका लागि भनेर खोलिएका धेरै संघसंस्था छन् । तर सबै संस्थाका नाममा स्रष्टाको लगानी डुबाउने र लुट्नेहरू मात्र छन् । गीतकार संगीतकारको रोयल्टी कलेक्सन गर्ने र दिने भन्दै खोलिएको संगीत रोयल्टी संकलन समाज छ तर अहिलेसम्म केही गरेको छैन । विदेशीले दिएको लाखौं खर्च गर्ने काम मात्र भएको छ । रोयल्टीले कसलाई दिने भन्ने व्यवस्था गर्नुपर्छ । रोयल्टीजस्तो पावरफूल संस्थाले संगीत क्षेत्रको नेतृत्व गर्नुपर्ने हो तर चुनाव आउँदा भोट माग्न आउने र अरूबेला डलर खाने संस्थाको रूपमा परिचित बनेको छ । केही नगर्ने संस्थाको आवश्यकता छैन । संगीत क्षेत्रमा हामी कलाकार एकजुट बन्न नसक्ने हो भने हामी नेताको चुनाव जित्ने साधन मात्र बन्छौं । यहाँ कलाकार कसरी बाँच्लान् भन्ने कोही छैन कलालाई प्रयोग गरेर कमाउनेहरू धेरै छन् ।

कला क्षेत्रमा लागेर बाँच्नका लागि निरन्तरता चाहिन्छ, क्रियशन चाहिन्छ । रहरले बाँचिदैन यो क्षेत्रमा । कला, गला भएकाहरूमा पनि संगीत सिकेर यही क्षेत्रमा केही गर्छु भन्नेहरू मात्र बाँच्न सक्छन् । हामी यही क्षेत्रमा क्रियाशील रह्यौं, निरन्तर लाग्यौं र बल्ल बाँच्न सक्ने भएका छौं तर प्रतिफल छिटो खोज्नेहरूका लागि यहाँ बाँच्न सकिँदैन ।ooo

## समाचार

## थापाको नेतृत्वमा बाग्लुङ कलाकार समाज

म्यूजिकखबर । बाग्लुङमा जन्मेका कलाकार हरूको काठमाडौंमा भएको एक भेलाले गायक, गीतकार बसन्त थापाको अध्यक्षतामा बाग्लुङ कलाकार समाज स्थापना गरेको छ । थापाको नेतृत्वमा २७ सदस्य रहने गरी समाजको गठन गरेको हो ।



समाजको प्रथम उपाध्यक्षमा संगीतकार श्रीकृष्ण बम मल्ल, द्वितीय उपाध्यक्षमा जगत घर्ती, तृतीय उपाध्यक्षमा युबराज मगर, महिला उपाध्यक्षमा फूलकुमारी केसी रहेका छन् । समाजको महासचिवमा प्रकाश सपूत, सचिबमा निर्मल क्षेत्री, कोषाध्यक्षमा जुना श्रीस, सह–कोषाध्यक्षमा देबि घर्ती चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा निता पुन मगर, अञ्चल शाहि, कमलकुमार बिक, जयलक्ष्मी पुन, लक्ष्मी गौतम, देव साहनी, कालिका रोका, शर्मिला कँडेल, बुद्धवीर खुसी, तेजश रेग्मी, बाबू कृष्ण परियार, एकेन्द्र सारा शंकर, नवीन राना, आषिश बिसी, रामु बिरहि, तिर्सना घर्ती मगर, बिबेक थापा रहेका छन् । कलाकारहरूको क्षेत्रगत एकताको लागि समाज गठन गरिएको अध्यक्ष थापाले बताए ।  केहि सदस्य र सल्लाहकारहरू समाजको अर्को वैठकले निर्णय गर्ने गरि यो कार्यसमिति चयन भएको थापाले बताए ।

## सञ्जोकको 'म्हेन्दो माया'

गायक सञ्जोकले आफ्नो पछिल्लो गीत 'म्हेन्दो माया' बालको गीत तथा भिडियो सार्वजनिक गरेका छन् । अमेरीकाबाट केही महिना अगाडी मात्र नेपाल आएका सञ्जोकले आफ्नो पछिल्लो गीतको अडियो भिडियोलाई सार्वजनिक गरेका हुन् । राजन ईशानको एरेन्जमेन्टमा तयार भएको




गीतमा शब्द तथा संगीत गायक स्वयं योन्जनकै रहेको छ । म्हेन्दो शब्दको अर्थ चाही फूल हो ।

भिडियोमा चर्चित भिजे एवं कुशल गायक सोनाम पाख्रीन र मोडल सुमि मोक्तानको अभिनय रहेको छ । भिडियोलाई अहिलेका व्यस्त निर्देशक पासाङ योन्जन लामाले निर्देशन गरेका छन् । ज्ञानेन्द्र शर्माको छायांकन रहेको भिडियोमा प्रविण श्रेष्ठको सम्पादन, सागर तामाङको कोरियोग्राफी र सिमा गुरूङको श्रृंगार रहेको छ । गायक सञ्जोक योञ्जनले ३ वर्ष अगाडी 'सगुन' नामक एल्बम सार्वजनिक गरेका थिए । सो एल्बमको 'आलु र तामा' बोलको गीत दर्शकहरूले अत्याधिक रूचाएका थिए । गायक सञ्जोकको सेलो जुहारी, दिलकी रानी, समुन्द्रपारी, सगुन, मुग्लान ह्यूल्सा एल्बमहरू बजारमा आएको छ ।

SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार
म्यूजिक डायरी Music Diary
STREETNEPAL.COM total newsportal

# आयुषले चुमे सुरशाला आइडल

म्यूजिकखबर । सुरशाला फाउण्डेशन र म्युजिक एकेडेमीको आयोजनामा भएको बाल गायन रियालिटी शो पतञ्जली सुरशाला आइडल जुनियरको उपाधि आयुष केसीले चुम्न सफल भए । मोडर्न स्कुल भक्तपुरमा अध्यनरत सिन्धुपाल्चोकका आयुसले पतञ्जलीको तर्फबाट रू ५१,००० र गिफ्ट ह्याम्पर, सुरशालाको तर्फबाट रू ५०,००० सहित ३ लाख ५० हजार रूपैयाँ बराबर (गीत, म्युजिक भिडियो र सुरशाला छात्रवृति) को पुस्कार जितेका छन् । त्यस्तै सीटिभी मोबाइलको तर्फबाट मोबाइल गिफ्ट हयाम्पर जितेका छन् ।

यसैगरि ज्ञान निकेतनमा अध्यनरत काठमाडौंका सुजल महर्जन युट्युबमा सबै भन्दा बढी दर्शक भोट पाएर "पब्लिक चोइस अवार्ड" को बिजेता र टप ५ मा तेस्रो स्थान हाँसिल गरी पतंजलिको तर्फबाट रू ३१००० र गिफ्ट ह्याम्पर, सुरशालाको तर्फबाट रू २०,००० र १५,००० गरि जम्मा नगद रू ६६,००० सहित १ लाख ५० हजार रूपैया बराबर (गीत, म्युजिक भिडियो र सुरशाला छात्रवृति) को पुरस्कार जितेका छन् । त्यसैगरि सुनसरीका प्रितम आचार्य दोस्रो स्थान हासिल गरी पतञ्जलीको तर्फबाट रू ४१,००० र गिफ्ट ह्याम्पर, सुरशालाको तर्फबाट रू ३०, ००० गरि जम्मा ७१,००० नगद पुरस्कारका सहित २ लाख ५० हजार रूपैयाँ बराबर (गीत, म्युजिक भिडियो र सुरशाला छात्रवृति) को पुरस्कार जितेका छन् ।

त्यसैगरी चितवनका अदित्यराज ढकाल चौथो र पोखराकी ममता गुरूङ पाँचौं स्थानमा परि सुरशालाको तर्फबाट नगद रू १० र १० हजार, गीत, म्युजिक भिडियो र सुरशाला छात्रवृति र सीटीभी मोबाइलको तर्फबाट मोबाइल गिफ्ट ह्याम्पर प्राप्त गरेका छन् । साथमा रेबेल क्रियशनको तर्फबाट पतञ्जली सुरशाला आइडल जुनियर टप १० लाई नै गीति एल्बम र टप ५ लाई म्युजिक भिडियोको अवसर लोकप्रिय संगीतकार आलोक श्रीका तर्फबाट टप ७ लाई गीति एल्बमको अवसर पाउनेछन् ।

देशका विभिन्न स्थानहरूबाट ७ बर्ष देखि १६ वर्ष भित्रका १५ सयभंन्दा बढी प्रतिभाशाली बाल सहभागीहरूले अडिशन दिएका थिए र उनीहरू मध्यबाट टप १० हुँदै उत्कृष्ठ ५ को छनोट भएको थियो । रसियन कल्चर सेन्टरमा बरिष्ठ गायक प्रेम ध्वजको प्रधानको प्रमुख आतिथ्यमा टप ५ पतंजली सुरशाला आइडल जुनियरले जोडदार प्रस्तुति दिएका थिए । यस कार्यक्रमका मुख्य निर्णायक गायक हेमत



शर्मा, राज सिग्देल र जुना प्रसाईं थिए । अमन प्रधान, सुप्रिया मास्केका साथमा नरेश भट्टराईले कायक्रम संचालन गरेका थिए । पतञ्जली सुरशाला आइडल जुनियर कार्यक्रमका निर्देशक गायक गायक अमृत क्षेत्रीले सुरशाला आइडल जुनियर सम्पूर्ण टीमलाई धन्यबाद दिँदै सुरशाला फाउण्डेशन निरन्तर बालबालिकाहरूको प्रतिभाको खोजी गर्ने र उनीहरूलाई संगीतको ब्यबहारिक शिक्षा र अवसर प्रदान गर्ने बताए । पहिलो कार्यक्रमको अपार सफलतापछि सुरशाला आइडल जुनियर दोस्रो छिटै शुरू हुने घोषणा समेत गरेका थिए । कार्यक्रमको सम्पूर्ण ब्यवस्थापन सुरशालाबाट श्रीमती संगीता छेत्रीले गरेकी थिइन् ।

## फन भ्यालीको १ लाख रोयल्टी

म्यूजिकखबर । गीतसंगीतको सार्वजनिक प्रयोगवापत बुझाउनुपर्ने रोयल्टी बुझाउने क्रममा काठमाण्डौ फन भ्यालीले एक लाख रूपैयाँ प्रदान गरेको छ । गीतसंगीतको प्रयोग गरेर व्यवसाय संचालन गरेवापत फन भ्यालीले रोयल्टी प्रदान गरेको हो । संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेशचन्द्र अधिकारी, महासचिव महेश खड्का, कोषाध्यक्ष लोकराज अधिकारी, उत्पादक समाजका अध्यक्ष निर्मल ढकाल लगायतका पदाधिकारी, प्रस्तोता नेपालका महासचिव राई नवीनलगायतका प्रतिनिधिहरू, संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष,



संगीत उद्योग संघका अध्यक्ष सूर्य मगरलगायतको उपस्थितिमा उक्त रोयल्टी हस्तान्तरण गरिएको थियो ।

रोयल्टी संकलनका सीएमओको उपस्थितिमा काठमाडौं फन भ्यालीले आफ्नो कारोबारको कूल आम्दानीको एक प्रतिशत रकम रोयल्टी हस्तान्तरण गरेको हो । पछिल्लो समय गीतसंगीतको सार्वजनिक प्रयोग गरेर व्यवसाय गर्ने रेडियो, टेलिभिजन, महोत्सव, दोहोरी साँझ, डान्सबार, कन्सर्ट, कार्यक्रम हलहरू सबैले रोयल्टी तिर्नुपर्ने भएको छ । अब कुनै पनि गीतसंगीतको सार्वजनिक प्रयोग गर्ने कम्पनीहरूले कम्पनी नवीकरणको बेलामा नै रोयल्टी नबुझाए कम्पनी नवीकरण नहुने प्रावधान सरकारले ल्याएको छ भने सार्वजनिक यातायातले पनि रोयल्टी नबुझाए सवारी साधन नवीकरण नहुने भएको छ । त्यस्तै विभिन्न मेला, औद्योगिक महोत्सव, कन्सर्टहरूले पनि रोयल्टी बुझाएको कागाजात बुझाएर स्थानीय प्रशानसँग सम्झौता नगरे कानूनी कारवाही हुने भएको छ ।

# बैशाख २ मा राइजिङ स्टार




क्रियटिभ वर्ल्ड नेपालको आयोजनामा यो वर्षको 'लक्ष्मी स्टील्स राइजिङ स्टार २०७२' आगामी २०७४ बैशाखमा २ नेपाल प्रज्ञा भवनको प्रेक्षालयमा सम्पन्न हुनेछ । काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न विद्यालयमा कक्षा २ देखी ९ सम्मका प्रतिभाशाली ६० जना बालबालिकाहरू पहिलो र दोस्रो गरी दुई चरणको छनौट प्रक्रियाबाट 'लक्ष्मी स्टील्स राइजिङ स्टार २०७२'को अन्तिम प्रतिस्पर्धाको लागि छनौट भएका छन् । बालबालिकाहरूको प्रतिभा, बौद्विक क्षमता र सुन्दरताको मूल्यांकन गरी वर्षको राइजिङ स्टार घोषणा गरिने कुरा क्रियटिभ वर्ल्डका प्रमुख प्राज्ञ एवं बरिष्ठ संगीतकार शान्तिराम राईले जानकारी दिएका छन् । वर्षको विजेता राइजिङ स्टारले नगद ५० हजार रूपैयाँका साथमा ताज, ट्रफि तथा गिफ्ट ह्याम्परहरू पाउने छन् । साथै फर्स्ट रनरअप र सेकेन्ड रनरअपले पनि ट्रफि तथा गिफ्ट ह्याम्परहरू पाउने छन् ।

यस्तै प्रतियोगितामा विभिन्न सबटाइटल अवार्डहरू विभिन्न प्रतिभाशाली प्रतिस्पर्धी बालबालिकाहरूलाई प्रदान गरिने छ । यही २२ चैत्रबाट सहभागी बालबालिकाहरूलाई उनीहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि र विभिन्न क्षेत्रका ख्याती प्राप्त व्यक्तित्वहरूसँगको अन्तरक्रिया लगायतको नियमित बन्द प्रशिक्षणमा सहभागिता गराइने छ । सोही अवसरमा शैक्षिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका एकजना विद्यालयका संस्थापक प्रिन्सिपललाई शैक्षिक सम्मानद्वारा सम्मान गरिने छ । नगद दश हजारसहित शैक्षिक पत्रकारिता पुरस्कारद्वारा एकजना शैक्षिक पत्रकारलाई पुरस्कृत गरिने प्राज्ञ राईले जानकारी दिए । साथै कार्यक्रममा उत्कृष्ट २ जना अभिभावकलाई समेत सम्मान गरिने उनले बताए ।

# सोहनको तीन जुरेको डाँडामा




म्यूजिकखबर । मानिस परदेशिएपछि घरगाउँको यादले सताउँछ । यस्तै भएको छ स–परिवार लण्डन बस्दै आएका डा. सोहन घिमिरेलाई । हुर्केको बढेको मातृभुमी, तीन जुरेको डाँडा त्यहाँको बनपाखा लगायत मनोरम लालिगुराँसलाई समेत उनले धेरै सम्झना गर्दै 'तिन जुरेको डाँडैमा गुराँस फुल्ने बन' बोलको गीत सार्वजनिक गरेका छन् ।

डा. घिमिरेको शब्द तथा स्वरमा सजिएको उक्त मौलिक लोकलयको गीतमा गायक तथा संगीतकार हिमाल सागरको संगीत रहेको छ भने गीतको भिडियोमा चर्चित मोडल दिक्पाल र श्रेया कार्कीको अभिनय रहेको छ ।

चर्चित कलाकार ज्योति काफ्ले (नक्कली बाबुराम) र दीपेश रेग्मीको निर्देशन रहेको म्युजिक भिडियोमा दिपक र श्रेया कार्कीको अभिनय रहेको छ । गाउँबाट टाढा रहेको अबस्थामा गाउँको र मेलापातको मायाप्रीति सम्झना गरिएको कथा रोचक ढंगले प्रस्तुत गरिएको छ । जीवनका हर अनुभुतीहरू यस गीतमा सजाईएका छन्, हरेक कान्ला, बुट्टा, पोथ्रा र रूखहरू यसमा रोपिएका छन् । ती स्वच्छ पाखी, बस्ती, डाँडा, पहाड र बस्तीहरूले सजिएको छ यो गीत । नेपाल र स्कटल्याण्डमा छायांकन गरिएको छ ।

## व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।



सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोन: ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्क: ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम्, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोन:९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोन: ०१-४२६८६१४

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं २३२/०७३/०७४

# चर्चित होइन, असल गायिका बन्न चाहन्छु



सविता पोखरेल/म्यूजिक खबर

सानो कद, गालामा डिम्पल, हाँसिरहने स्वभाव अनि तारिफयोग्य स्वरकी धनी गायिका योजना पुरी पूर्वी जिल्ला मोरङको राजघाटमा जन्मिएकी हुन् । उनलाई बाल्यावस्थामा नै संगीतले आकर्षित गर्‍यो र विद्यालयस्तरमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा गायन प्रतियोगीतामा भाग लिएर संगीतमा समर्पित बन्न पुगिन् । गुरू तथा साथीभाइले उनको स्वर र प्रस्तुतिको खुबै प्रशंसा पनि गर्दथे । तर परिवारको चाहना छोरी नर्स बनिदियोस् भन्ने थियो । त्यसैले शुरुवाती दिनमा उनले यो क्षेत्रमा आउनका लागि परिवारसँग नै स्ट्रगल गर्नुपर्‍यो । २०६१ सालमा एसएलसी दिएपछि नै उनलाई विवाहको लागि दबाब दियो परिवारले । तर बोल्न सक्ने र कन्भिन्स गर्ने पावरले परिवार पनि पछि हट्यो ।

कमला खनाल, यशोदा शाक्य, राम सिटौला, मदन गोपालसँग संगीत सिकेर यो क्षेत्रमा होमिएकी सबै खाले गीत गाउन सक्ने उनले सर्वप्रथम २०६३ सालमा झापाको दमकमा कमला खनालको शब्द संगीतमा 'सम्झन्छु तिमीलाई' बोलको पहिलो पटक गीत गाउनलाई स्टुडियो छिरेकी हुन् । आफुले लाईरहेको औंठी बेचेर पहिलो गीत रेकर्ड गरेकी योजनाले यो समयसम्म आइपुग्दा ३ दर्जनभन्दा बढी गीतमा स्वर दिइसकेकि छिन् । 'मनै त हो' र 'समर्पण' नामका सांगीतिक एल्बम पनि बजारमा ल्याइसकेकिछिन् । मनै त हो... 'झण्डै बिर्सेछु..., 'धारधुर..., तिमी भए..., मुस्कुराई बस तिमी ... र मखमली चोली... गरी ६ वटा गीतसमेटिएको 'मनै त हो' एल्बम सार्वजनिक गर्नलाई उनले लगाव भए जे नि गर्न सकिन्छ भन्ने प्रमाणित गरेकी छिन् । उनले 'मनै त हो' निकाल्नलाई गलाको सिक्री बेचेर संगीतप्रतिको लगाव, संगीतमा तन र मनको आहुती दिनसक्ने प्रमाणित गरेकी छिन् । दोश्रो एल्बम 'समर्पण'मा भने नो नो नो, मौका नै दिएनौ, नेपाल देश, मत बस्नै नसक्ने, घर हैन मन र बोनस ट्र्याक (लुकीछिपी) लगायतका गीतहरू अनुबन्ध गरेकी छिन् । समर्पणका गीतहरू यतिबेला सांगीतिक बजारमा चर्चित बनिरहेका छन् ।

लोक, लोक पप, आधुनिक सबै विधामा गीत गाउन सक्ने क्षमता उनीसँग छ । तीजका गीतहरूमा समेत उनले स्वर दिइसकेकी छिन् । ५-६ वटा चलचित्रका गीतमा समेत आवाज दिइसकेता पनि उनले काम गरेका चलचित्रहरू रिलिज भने भएका छैनन् जसबाट उनले निकै आशा राखेकी छिन् ।

मनै त हो गीतले सफलता पाएसँगै योजनाको पनि चर्चा बढेको स्वीकार्छिन् उनी । गीतको सफलताले उनलाई विभिन्न रेडियो तथा एफएमहरूमा अन्तर्वार्ताका लागि व्यस्त बनायो । त्यो समयमा एकाएक उनको मनमा पत्रकारिता र गायनकला त नङ र मासु जस्तै पो रहेछन्, गायिकाले पनि रेडियोमा बोल्न सक्नु पर्ने रहेछ, भन्ने फिलिङ्स् आयो र रेडियो जक्कीको ट्रेनिङ लिन पुगिन् । ट्रेनिङमा उत्कृष्ट भएसँगै पत्रकारिता शुरू गरेर गायिकाको परिचयमा अर्को परिचय थपिन् पत्रकारिताको । केहि वर्ष अघि गायिकाको परिचयले चिनिएकी उनी यतिबेला गयिका/सञ्चारकर्मीको परिचयले स्थापित बनेकी छिन् । ओएस नेपालमा फेसबुक लाइभ गरेर कार्यक्रम सञ्चालन गर्ने उनको शैली अत्याधिक रूचाइएको छ । पत्रकारिता गर्दाका शुरूवाती दिनमा पत्रकार भनेर सम्बोधन गरिंदा असहज लाग्थ्यो, गायिका मात्र भनिदिए नि हुन्थ्यो नि जस्तो लाग्थ्यो उनलाई । बिस्तारै गायिका र सञ्चारकर्मी उत्तिकै प्रिय लाग्न थाले यतिबेला एउटा मात्र सम्बोधनले आमन्त्रण गरिंदा आफूलाई अपुरो र अधुरो फिल गर्दछिन् । गायन र सञ्चार क्षेत्र उनका रूची र लक्ष्यका क्षेत्र भएकाले यिनै २ क्षेत्रमा निरन्तर रहने योजना रहेको उनले बताईन् ।

संगीतलाई दु:ख सुखको साथी मान्ने उनी गीत संगीतमा विकृति बढेको कुरा बताउँदै भन्छिन् -'विकृति भेटियो भन्दैमा हामीले यो क्षेत्रलाई नै छाड्ने हैन, त्यसको सामना गर्नु पर्दछ । विकृतिलाई सुधार्ने प्रयास गर्नुपर्दछ । राम्रो कुरालाई अवलम्बन गर्नुपर्दछ । विकृतिमा चिन्तित भएर मात्र हुँदैन, क्रियाशील रहनुपर्दछ, सकारात्मक योगदान दिन सक्नुपर्दछ ।' अगाडि भन्छिन्- 'ओहो यो क्षेत्रलाई विगार्नेहरूको कुरा म कसरी गरूँ ? कस्ता कस्ता प्रस्ताव म कहाँ आइपुग्छन भने रातारात घर गाडी, बंगाला र सुपरहिट बनाइदिने सपना सुनाउनेहरू पनि आइपुग्छन् । यो पनि विकृतिको पराकाष्ठा हो ।' यस्ता घटिया सोच भएकालाई ठेगान लाउने पनि हामीले नै हो नि । डराएर हुँदैन । कर्मशील बन्नु पर्दछ । चर्चित हैन, असल बन्ने लक्ष्य लिनु पर्दछ । सफलता अवश्य पाइनेछ । अरूसँग निर्भर रहनु हुँदैन, आत्मनिर्भर हुने बाटो हिंड्नु पर्दछ ।

घरजम गर्ने उमेर पनि त भयो हैन र ? यति राम्री हुनुहुन्छ । राजकुमार पनि रेडी नै हुनुहोला कहिले हो लगन ? भनेर विवाहको बारेमा सोध्दा उनी भन्छिन् ' उमेर त भयो नि अब । तर व्याइफ्रेण्ड त बनाएकी छैन त्यसैले भ्याकेन्सी पनि खाली छ है । मलाई भन्दा पनि परिवारकी जेठी सन्तान म, परिवारलाई साहै हतार छ मेरो विवाह गर्नलाई । अब चाहिं म पनि मिल्दो ठाउँबाट प्रस्ताव आए सोच्नेछु । आफ्नो पेशालाई बुझिदिने, सपोर्ट गरिदिने होस् भन्ने सोचेकी छु । जन्म, विवाह र मृत्यु भनेको लेखेरै ल्याउनु पर्छ रे सायद होला । हेरौं अब कहिले हुन्छ । जहिले भए नि सुटुक्क गर्दिनँ ।







